# शारीरिक अपाङ्ग बालबालिकाको विद्यालय शिक्षामा पहुँच

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, स्नातकोत्तर तह (एम.एड) शैक्षिक योजना र व्यवस्थापन विषयको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत

## शोधपत्र


शोधार्थी

**एकराज निरौला**

त्रिवि दर्ता नं. : १३८३८-८१

परीक्षा रोल नं. : २१४००२६/०६४

क्याम्पस रोल नं. : ३९

शैक्षिक बर्ष : २०६३/२०६४

सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ


चैत्र, २०६९

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुकुना वहुमुखि क्याम्पस स्नातकोत्तर तह दोस्रो वर्षका विद्यार्थी एकराज निरौलाले“शारीरिक अपाङ्ग बालबालिकाको विद्यालय शिक्षामा पहुँच” शीर्षकको शोधपत्र मेरो निर्देशन तथा सल्लाह र सुझावका आधारमा तयार पार्नु भएको हो । प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालयको आवश्यक ढाँचाअनुरूप प्रस्तुत गर्नुभएको छ । निजको शोधकार्यप्रति म सन्तुष्ट छु । प्रस्तुत शोधपत्रलाई मूल्याङ्कनका लागि मूल्याङ्कन समितिमा सिफारिस गर्दछु ।

. . . . . . . . . . .

सहायक प्रा. गणेश प्रसाद दाहाल

शोधनिर्देशक

मिति : २०६९/ १० /२०

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत श्री सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङमा "शैक्षिक योजना तथा व्यवस्थापन" मूल विषय लिई स्नातकोत्तर तह दोस्रो वर्षमा अध्ययन गर्ने छात्र एकराज निरौलाले त्रि.वि. शिक्षाशास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्ने हेतुले "शारीरिक अपाङ्ग बालबालिकाको विद्यालय शिक्षामा पहुँच" शीर्षकमा शोधपत्र तयार गरी शोधनिर्देशकबाट सिफारिस भएको हुँदा सो शोधपत्र आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

शोध मूल्याङ्कन समिति

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री लक्ष्मीकुमार श्रेष्ठ | कार्यक्रम संयोजक<br>स्नातकोत्तर तह | . . . . . . . . . |
| २. | श्री गणेश प्रसाद दाहाल | शोधनिर्देशक | . . . . . . . . . |
| ३. | . . . . . . . . . . | वाह्य परीक्षक | . . . . . . . . . |

मिति : २०६९/१०/२०

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय सुकुना बहुमुखी क्याम्पस इन्द्रपुर, मोरङमा शैक्षिक योजना तथा व्यवस्थापन विशिष्टिकरण विषय अन्तर्गत स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका निमित्त प्रस्तुत “शारीरिक अपाङ्ग बालबालिकाको विद्यालय शिक्षामा पहुँच” शोधपत्रको प्रस्तावना कार्यदेखि अन्त्यसम्म आफ्नो अमूल्य समय दिइ आवश्यक मार्गदर्शन दिनुहुने शोधनिर्देशक गुरु श्री गणेश प्रसाद दाहालज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

त्यसैगरी अनुसन्धान कार्य गर्न महत्त्वपूर्ण सल्लाह, सुझाव एवम् आवश्यक पथ प्रदर्शन गर्नुहुने विभागीय प्रमुख श्री लक्ष्मी कुमार श्रेष्ठ एवम् अन्य सुझाव प्रदान गर्ने व्यक्तित्वहरूप्रति समेत कृतज्ञता प्रकट गर्दछु ।

यस अध्ययन कार्यका लागि छनौटमा परेका विद्यालयका प्रधानाध्यापकहरू श्री डिल्लीराज दाहाल, श्री चण्डी प्रसाद राई लगायत अन्य शिक्षक, कर्मचारीज्यूहरू प्रति अध्ययन कार्यलाई आवश्यक तथ्याङ्क लगायतका सामाग्री उपलब्ध गराइ दिई सहयोग गरि दिनु भएकामा आभार प्रकट गर्दछु । साथै सम्बन्धित विद्यालयका विद्यार्थीहरू र नीजहरूका अभिभावकज्यूहरू प्रति पनि कृतज्ञताका प्रदान गर्दछु ।

अध्ययन कार्यकालागि समय, खर्च जुटाउन निरन्तर सहयोग पुर्‍याउने जीवन सँगिनी कमला पौडेल (निरौला) एवम् प्यार छोरीहरू एकता र पियुषलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

एकराज निरौला

# शोधसार

प्रस्तुत शोधपत्र **शारीरिक अपाङ्ग बालबालिकाको विद्यालय शिक्षामा पहुँच** शीर्षकसँग सम्बन्धित रहेको छ । यो अनुसन्धान त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुकुना बहुमुखी क्याम्पस, इन्द्रपुर, मोरङ अन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको आंशिक आवश्यकता पर्षीरिपूर्तिका लागि गरिएको हो । शारीरिक अपाङ्ग बालबालिकाको शैक्षिक पहुँच पत्तालगाउनु, उनीहरूको कक्षा व्यवस्थापनको अवस्था विश्लेषण गर्नु र शारीरिक अपाङ्ग बालबालिकाहरूले सामना गर्नुपरेका समस्याहरूको लेखाजोखा गरी समाधानका उपयहरू सुझाउनु यस अध्ययनका उद्देश्य रहेका छन् ।

प्रस्तुत अनुसन्धानका लागि परिमाणात्मक र गुणात्मक दुवै अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ । प्राथमिक र द्वितीयक तथ्याङ्कहरूलाई आधार बनाइएको छ । तथ्याङ्कलाई तालिका, प्रतिशत र स्तम्भ तथा वृत्तचित्रमा प्रस्तुत गरी व्याख्या र विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनकालागि मोरङ जिल्लाको पथरी स्रोत केन्द्र अन्तर्गत शनिश्चरे र पथरी गा.वि.स.का २० ओटा विद्यालयमध्ये प्रा.वि., नि.मा.वि., मा.वि. र उ.मा.वि.को प्रतिनिधित्व हुने गरी ६ ओटा विद्यालयका प्र.अ., शिक्षक, अभिभावक एवम् विद्यार्थीलाई जनसङ्ख्याका रूपमा लिइएको छ । विद्यालय अवलोकन फारम, प्रश्नवली, अन्तर्वार्ता र छलफलका माध्यमबाट आवश्यक तथ्याङ्कहरूको सङ्कलन गरिएको छ ।

अनुसन्धानले शारिरिका अपाङ बालबालिकाको शैक्षिक उपलब्धी विगतको भन्दा सुधारहुँदै गएको देखिएको छ । शैक्षिक उपलब्धीलाई अझ उच्च वनाउन अझ प्रयास गर्नुपर्ने चाहिँ देखिएको छ । सामाजिक रुपमा अपाङ्ग बालबालिकाहरू अवस्थाका वारेमा परम्परागत सोच र दृष्टिकोणमा परिवर्तन आई अपाङ्गहरूलाई हेर्ने, व्यवहार गर्ने तरिमामा सकारात्मक सोच विकास भएको पाईएको छ । जसका कारण विद्यालयको पहँचमा पनि यस्ता बालबालिकाको बृद्धि देखिएको छ । विद्यालयमा प्रवेश पाएका र नपाएका आपाङ्ग बालबालिकाहरू बीच ठूलो फरक देखिएको छ । विद्यालयहरूमा पूर्णरूपले अपाङ्ग मैत्री वातावरण वनिनसकेको देखिएको छ ता पनि धेरै विद्यालयमा यस्तो वातावरणको थालनि र विकास हुनलागेको देखिएको छ । विद्यालयहरूमा रहेका विभिन्न शैक्षिक सामग्रीहरूमा पनि शारीरिक अपाङ्ग बालबालिकाको पहुँच अन्य बालबालिका जत्तिकै रहेको पाइएको छ । विद्यालयका तर्फबाट अपाङ्ग बालबालिकाहरूलाई अन्य विशेष सुविधाहरू उपलब्ध गराउनु पर्ने देखिन्छ जसका कारण उनीहरूको

शैक्षिक पहुँच बृद्धि भै उपलब्धी उच्च रहन सक्ने देखिएको छ । धेरै जसो विद्यालयहरूमा अपाङ्ग बालिबालिकाहरूले पनि अन्य विद्यार्थीहरूले प्रयोग गर्ने फर्निचर नै उपयोग गर्नुपरेको देखिएकाले उनीहरूलाई केही असहज भएको पाइएको छ ।

शैक्षिक समस्याका कारणहरू खोज्ने क्रममा शारीरिक अपाङ्ग बालबालिकाको आर्थिक अवस्था कमजोर, सामाजिक दृष्टिकोणमा पूर्ण परिवर्तन आइनसक्नु र कमजोर व्यवस्थापन नै समस्याका प्रमुख कारणहरू देखिएकाले उपर्युक्त कुराहरूमा सुधार गर्नुपने देखिएका छन् । यस्तै विद्यालयहरूमा आन्तरिक स्रोतको जुटाउनु पर्ने, विद्यालयहरूमा राजनैतिक प्रभाव अन्त्य गर्नु पर्ने र विद्यालय व्य.स. तथा प्रशासनको सक्रियताको वृद्धि गरी अपाङ्ग बालबालिकाका शैक्षिक समस्याका कारणका हरू हटाउनु पर्ने देखिन्छ । अपाङ्ग बालबालिकाहरूका समस्याहरूलाई सुझाउन प्रसस्त शैक्षिक सामाग्री सहितको छुट्टै कक्षा कोठाको व्यवस्था, कक्षाकोठाको वसाई व्यवस्थापन र कक्षा सम्मको पहुँच सहज वनाउनु पर्ने कुरा देखिएको छ । उपर्युक्त सुधारका उपायहरू अवलम्बन गरी शारीरिक अपाङ्ग बालबालिकाको शैक्षिक पहुँच बृद्धिगर्न सकिने तथा उनीहरूका समस्यालाई न्यूनिकरण गर्दै लैजाने कुरा देखिएको छ ।

## विषयसूची


सिफारिसपत्र

स्वीकृतिपत्र

कृतज्ञता ज्ञापन

शोधसार

तालिका सूची

**परिच्छेद एक : परिचय**

| | | |
|---|---|---|
| १.१. | अध्ययनको पृष्ठभूमि | १ |
| १.२. | समस्याको कथन | ७ |
| १.३. | अध्ययनको औचित्य | ९ |
| १.४. | अध्ययनका उद्देश्य | ११ |
| १.५. | अनुसन्धानात्मक प्रश्नहरू | ११ |
| १.६. | अध्ययनको परिसीमा | ११ |

**परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका**

| | | |
|---|---|---|
| २.१. | सम्बन्धित साहित्यको पुनरावलोकन | १३ |
| २.२. | अध्ययनको सैद्धान्तिक खाका | १६ |
| २.३. | पुनरावलोकनको उपादेयता | १९ |

**परिच्छेद तीन : अध्ययन विधि**

| | | |
|---|---|---|
| ३.१. | अनुसन्धानात्मक ढाँचा | २० |
| ३.२. | जनसङ्ख्या | २० |
| ३.३. | नमुनाको आकार | २० |
| ३.४. | नमुना छनोट विधि | २० |
| ३.५. | नमुना छनोटको आधार | २१ |
| ३.६. | अनुसन्धानका साधन | २१ |
| ३.७. | साधनको वैधता | २१ |
| ३.८. | तथ्याङ्कका स्रोतहरू | २२ |

३.९. तथ्याङ्क सङ्कलन विधि २२

३.१०. तथ्याङ्क विश्लेषण प्रक्रिया २२

## परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

४.१. शारीरिक अपाङ्ग बालबालिकाको विद्यालय शिक्षामा पहुँचको अवस्था २३

४.१.१. शारीरिक अपाङ्ग बालबालिकाको उत्तीर्ण अवस्था २३

४.१.२. शारीरिक अपाङ्ग बालबालिकाको औसत उपलब्धी प्रवृत्ति २४

४.१.३. शारीरिक अपाङ्ग बालबालिकाको विद्यालयमा उपस्थिति २५

४.१.४. शारीरिक अपाङ्ग बालबालिकाको विद्यालयका अतिरिक्त क्रियाकलापमा सहभागिता २६

४.१.५. विद्यालयमा प्रवेश पाएका शारीरिक अपाङ्ग बालबालिकाहरूको व्यक्तित्वको अवस्था२८

४.२. शारीरिक अपाङ्ग बालबालिकाको कक्षाकोठा एवम् शैक्षिक व्यवस्थापन २९

४.२.१. कक्षाकोठाको अवस्था २९

४.२.२. शौचालय पहुँचको अवस्था ३०

४.२.३. शैक्षिक सामग्री ३१

४.२.४. विद्यालयमा उपलब्ध अन्य सुविधाहरू ३३

४.३. शारीरिक अपाङ्ग बालबालिकाले कक्षाकोठामा सामना गर्नुपरेका समस्याहरू ३४

४.३.१. शारीरिक अपाङ्ग बालबालिका प्रति कक्षाकोठामा साथिहरूबाट गरिने व्यवहार ३४

४.३.२. शारीरिक अपाङ्ग बालबालिकाको कक्षाकोठामा बसाई व्यवस्थापनको अवस्था ३६

४.३.३. शिक्षण सिकाईका बेला आउने समस्याहरू ३७

४.३.४. शारीरिक अपाङ्ग बालबालिकाका शैक्षिक समस्याका कारणहरू ३९

४.३.५. विद्यालयसँग सम्बन्धित समस्याका कारणहरू ४१

४.३.६. समुदायसँग सम्बन्धित समस्याहरू ४१

४.३.७. अन्य विविध समस्याहरू ४१

४.४. शारीरिक अपाङ्ग बालबालिकाहरूले सामना गर्नुपरेका समस्याहरूका समाधानका उपायहरू ४२

४.४.१. कक्षाकोठा व्यवस्थापन ४२

४.४.२. अपाङ्ग मैत्री शिक्षाको आवस्यकता ४४

**परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव**

५.१. प्राप्ति ४६

५.२. निष्कर्ष ४८

५.३. सुझाव ४९

५.३.१. नीतिगत तहकालागि ४९

५.३.२. अभ्यास तहकालागि ५०

५.३.३. अनुसन्धान तहकालागि ५०

सन्दर्भ सूची

छ

# तालिकासूची


| | | |
|---|---|---|
| तालिका १ : | शाारीरिक अपाङ्ग बालबालिकाको शैक्षिक उपलब्धी | २३ |
| तालिका २ : | शाारीरिक अपाङ्ग बालबालिको औसत अपलब्धी तुलना | २४ |
| तालिका ३ : | शाारीरिक अपाङ्ग बालबालिकाको विद्यालयमा उपस्थिति (२०६८) | २५ |
| तालिका ४ : | अतिरिक्त क्रियाकलापमा सहभागिताको अवस्था | २७ |
| तालिका ५ : | शाारीरिक अपाङ्ग बालबालिकाको कक्षाकोठा व्यवस्थापनको अवस्था | २९ |
| तालिका ६ : | शारीरिक अपाङ्ग बालबालिकाका लागि विद्यालयमा शौचालयको अवस्था | ३० |
| तालिका ७ : | विद्यालयमा उपलब्ध शैक्षिक सामग्री र तिनको उपयोगको अवस्था | ३१ |
| तालिका ८ : | विद्यालयले उपलब्ध गराएका सुविधा प्रतिको धारणा | ३३ |
| तालिका ९ : | अपाङ्ग बालबालिका प्रति कक्षा कोठामा हुने व्यवहार | ३५ |
| तालिका १० : | शारीरिक अपाङ्ग बालबालिकाको कक्षमा वसाईको अवस्था | ३६ |
| तालिका ११ : | शारीरिक अपाङ्ग बालबालिकाको शैक्षिक समस्याका प्रमुख कारणहरू | ४० |

# परिच्छेद एक : परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

अपाङ्गता जीवको शारीरिक प्रक्रियाको नियमित सञ्चालनमा कठिनाइ उत्पन्न हुने अवस्था हो । शरीरका बाह्य र आन्तरिक सबै अङ्गहरू चुस्तदुरुस्त अवस्थामा रहँदामात्र  सबै शारीरिक र मानसिक प्रक्रियाहरू नियमित हुन्छन् । ती अङ्ग प्रत्यङ्गमध्ये एक वा एकभन्दा बढीमा असामान्य अवस्था (कमी, बढी, लुप्त, निष्क्रिय) सृजना हुनु नै अपाङ्गता हो ।

अपाङ्गताका परिभाषाहरूमा विविधता पाइन्छ । अपाङ्ग भन्नाले सामान्य दैनिक चर्या गर्न शारीरिक वा मानसिक रूपले असमर्थ वा असक्षम भएको नागरिकलाई सम्झनु पर्दछ । शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चारसमेतबाट सिर्जना भएको अवरोधसमेतले दैनिक क्रियाकलाप समान्य रूपमा सञ्चालन गर्न एवम् सामाजिक जीवनमा सहभागी हुन कठिनाइ हुने अवस्थाहो (राष्ट्रिय अपाङ्ग महासंघ २०६४) ।

हाम्रो समुदायमा विभिन्न किसिमका अपाङ्ग व्यक्तिहरू छन् जो अरू साधारण व्यक्ति जस्तो आफ्ना सामान्य कार्यहरू सहजै गर्न नसकेर अप्ठेरो परिस्थितिमा रहेका छन् । कुनै शारीरिक अङ्गको विकृत बनावटले, अङ्गको अपूर्ण विकासले, अङ्ग लुप्त हुनाले, भएका अङ्गमा चेतना नहुँदा अपाङ्गता हुन पुगेको पाइन्छ । यी कारणहरूबाट कोही हिँडडुल गर्न सक्दैनन्, कोही देख्न सक्दैनन्, कोही सुन्न र बोल्न सक्दैनन् कोही सामान्य व्यक्तिले भन्दा भिन्न र अनौठो व्यवहार देखाउँछन् । राम्ररी समाउन नसक्ने, ठाडो भएर उठ्न नसक्ने, खुट्टा खोच्याएर हिँड्ने, कुनै अङ्ग हल्लिइरहने कुनै अङ्ग लाटोहुने अवस्थाहरू देखिएका छन् । यस्ता विविध किसिमका अप्ठेरा र असहज अवस्थालाई नै अपाङ्गता भनिन्छ । अपाङ्गहरूका चाहना, इच्छा र आत्मबल अन्य साङ्ग व्यक्तिहरूभन्दा भिन्न हुँदैनन् । उनीहरूको बौद्धिक, भावनात्मक विकास उस्तै हुन्छ । मात्र कठिन परिस्थितिका कारण सामान्य कार्यलाई सहज ढङ्गले सम्पन्न गर्न सक्दैनन् । मानिसमा हुने यस्ता कठिनाइहरू उनीहरूको शारीरिक, मानसिक तथा संवेदनात्मक प्रक्रियामा हुने कमीका कारणले भएका हुन् । यस आधारले हेर्दा अपाङ्गता विभिन्न किसिमका छन् ।

१) शारीरिक अपाङ्ता : स्नायु, मांसपेशी र जोर्नीहरूको बनावट एवम् सञ्चालन कार्यहरूमा भएका समस्याका कारणबाट व्यक्तिमा शारीरिक अङ्गहरूको सञ्चालन, प्रयोग र हिँडडुलमा आएका समस्याहरू शारीरिक अपाङ्गता हो ।

२) दृष्टिसम्बन्धी अपाङ्गता : क) दृष्टिविहीनता ख) न्यून दृष्टि

३) सुनाइसम्बन्धी अपाङ्गता : क) बहिरा ख) सुस्तश्रवण

४) श्रवण दृष्टिविहीन

५) स्वर र बोलाइसम्बन्धी अपाङ्गता

६) मानसिक अपाङ्गता

७) बहुअपाङ्गता (नेपाल सरकार,२०३९) ।

अशक्तताको गम्भीरताका आधारमा अपाङ्गताको वर्गीकरण :

क) पूर्ण अपाङ्गता : दैनिक क्रियाकलाप सम्पादन गर्न निरन्तर अरूको सहयोग लिँदा पनि कठिनाइ हुने अवस्था पूर्ण अशक्त अपाङ्ता हो ।

ख) अतिअशक्त अपाङ्गता : वैयक्तिक क्रियाकलापहरू सम्पादन तथा सामाजिक क्रियाकलापमा संलग्न हुन निरन्तर अरूको सहयोग लिनु पर्ने स्थिति ।

ग) मध्यम अपाङ्गता : भौतिक सुविधा, वातावरणीय अवरोधको अन्त्य, शिक्षा र तालिम भएमा सहयोगीको सहयोग लिएर वा नलिइकन नियमित दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुन सक्ने अवस्था ।

घ) सामान्य अपाङ्गता : सामाजिक तथा वातावरणीय अवरोध नभएमा आफैँ नियमित दिनचर्या र सामाजिक क्रियाकलापमा सहभागी हुनसक्ने अवस्था (नेपाल सरकार २०५६) ।

समाजका अन्य व्यक्ति सरहनै अपाङ्गहरूको पनि अधिकार र कर्तव्य हुन्छ भन्ने ज्ञान कमैलाई मात्र छ । हाम्रो ग्रामीण समाजमा त अझ कतिपय सामाजिक परम्परागत सोचका कारण अपाङ्गतालाई पूर्वजन्मको पाप, भगवान्को खेल, कर्मको गति जस्ता विभिन्न कुसंस्कारका दृष्टिले हेर्ने वा परिभाषित गर्ने प्रचलन रहिआएको छ । कतिपय ऐन कानुनमा अपाङ्गहरूको अधिकारप्रति ध्यान दिइएको पाइँदैन । विश्वमा नै अपाङ्गहरूको अधिकारलाई सुनिश्चित गर्ने प्रयासको थालनी केही दशक अघिदेखि मात्र भएको हो । संयुक्त राष्ट्र संघले स्थापनाकालदेखिनै अपाङ्ग व्यक्तिहरूको हैसियतलाई अगाडि बढाउन तथा जीवन सुधार गर्न प्रयत्न गरेको छ । अशक्त अपाङ्ग व्यक्तिहरूको अधिकार र कल्याणका लागि संयुक्त राष्ट्र संघको चिन्ता यसका स्थापनाकालका सिद्धान्तसँग जोडिएको छ, जुन मानव अधिकार,मौलिक स्वतन्त्रता तथा समानतामा आधारित छ ।

राष्ट्रिय अपाङ्ग महासंघ (२०६४) काअनुसार सन् १९७० को दशकमा अपाङ्ग व्यक्तिका लागि मानव अधिकारको धारणाले व्यापक अन्तर्राष्ट्रिय स्वीकृति पायो । संयुक्त राष्ट्र

संघले १९७१ मा सुस्तमनस्थिति भएका व्यक्तिको अधिकारसम्बन्धी घोषणापत्र पारित गऱ्यो भने सन् १९७५ मा अपाङ्ग व्यक्तिसम्बन्धी घोषणा जस्तैः समानव्यवहार तथा अपाङ्गलाई सामाजिक एकीकरणमा ल्याउन सेवाको पहुँचसम्बन्धी मापदण्डहरू तयार गऱ्यो ।

यसरी सं.रा.सं.ले समेत अपाङ्गहरूका लागि अन्य साङ्गहरू सरह विभिन्न क्षेत्र, सेवाहरूमा समान पहुँच पुऱ्याउने पहल कदमी गरेको पाइन्छ ।

राष्ट्रिय अपाङ्ग महासंघ (२०६४) काअनुसार संयुक्त राष्ट्र संघले सन् १९८१ लाई अन्तर्राष्ट्रिय अपाङ्ग वर्ष मनाउन आफ्ना सदस्य राष्ट्रलाई र आफ्ना मातहतका संस्थालाई आह्वान गरेअनुसार संसारभर अन्तर्राष्ट्रिय अपाङ्ग वर्ष मनाइयो । अन्तर्राष्ट्रिय अपाङ्ग वर्षले महासभालाई अपाङ्ग व्यक्तिहरूसम्बन्धी विश्व कार्ययोजना तयार गर्न लगायो । यो नै अपाङ्ग व्यक्तिसम्बन्धी र तिनीहरूको अधिकारसम्बन्धी नीतिगत ढाँचा थियो । सो पारित कार्यक्रमले दुईवटा लक्ष्य पहिचान गरेको छ : समानता तथा सामाजिक जीवन र विकासमा अपाङ्ग व्यक्तिहरूको पूर्ण सहभागिता । त्यसैको फलस्वरूप सन् १९८३ देखि १९९२ सम्म अपाङ्ग दशक पनि मनाइयो ।त्यो दशकको प्रमुख उपलब्धि चाहिँ सन् १९९३ मा महासभाले पारित गरेको अपाङ्ग व्यक्तिहरूका लागि समान अवसरहरूबारे स्तरीय नियमहरू थियो । सन् १९९१ मा महासभाले मानसिक रोगीहरूको सुरक्षाका निम्ति नयाँ मापदण्डहरूको एक सूची तयार गऱ्यो, यो सूचीमा थियो 'मानसिक रोगीहरूको सुरक्षासम्बन्धी सिद्धान्त र स्वास्थ्यसेवामा सुधार' ।

संसारभरिका अपाङ्ग व्यक्तिहरूलाई सम्बोधन हुने गरी सं.रा.सं.का तर्फबाट अपाङ्ग वर्ष मनाउने कार्यगर्नु, अपाङ्ग व्यक्तिहरूसम्बन्धी कार्ययोजना तयार गर्न लगाउनु, अपाङ्गका अधिकारसम्बन्धी नीति तयार पार्ने कार्य गर्नु अपाङ्ग हितका सबालमा अन्तर्राष्ट्रिय स्तरका महत्त्वपूर्ण कार्य मान्न सकिन्छ ।

राष्ट्रिय अपाङ्ग महासंघ (२०६४) काअनुसार सन् १९९४ मा महासभाले सबैका लागि समाजको लक्ष्य राखेर विश्व कार्ययोजनाको कार्यान्वयन अगाडि बढाउन दीर्घकालीन रणनीति अनुमोदन गऱ्यो । प्राप्यता, रोजगारी र सामाजिक सेवा तथा सुरक्षा, महासभाले १९९७ मा उल्लेख गरेका प्राथमिकता प्राप्त नीतिगत मुद्दा हुन् । अन्तरराष्ट्रिय अपाङ्ग वर्ष १९८१, अन्तरराष्ट्रिय अपाङ्ग दशक १९८३-१९९२ का वेलामा संसारमा अपाङ्ग हितमा धेरै काम भए पनि एसिया प्रशान्त क्षेत्रमा अपाङ्गहितमा त्यति काम हुन सकेनन् जति आशा गरिएको थियो

। त्यसैले संयुक्त राष्ट्र संघको पहलमा एसिया तथा प्रशान्त क्षेत्रमा एसिया प्रशान्त क्षेत्र अपाङ्ग दशक १९९३-२००२ मनाइयो ।

अपाङ्गताको क्षेत्रमा कार्य गर्ने विभिन्न संस्थाहरू स्थापना हुँदै गएपछि अपाङ्गता भएका व्यक्तिहरूको साङ्गठनिक विस्तार भयो । उक्त साङ्गठनिक विस्तारले संसारभरिका देशहरू र संयुक्त राष्ट्र संघमा दबाब परेका कारणले अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकार सुनिश्चित गर्नका लागि महासन्धिको आवश्यकता महसुस गरी १३ डिसेम्बर २००६ मा संयुक्त राष्ट्र संघमा औपचारिका रूपमा दर्ता भएको थियो ।

नेपालको परिप्रेक्ष्यलाई हेर्दा मुलुकी ऐन २०२०, शिक्षा ऐन २०२८, सामाजिक सेवा ऐन २०३४, अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९, नेपाल अधिराज्यको संविधान २०४७, सवारीसम्बन्धी ऐन २०४९, समाज कल्याण ऐन २०४९, अपाङ्ग संरक्षण तथा कल्याण नियमावली २०५१, विशेष शिक्षा राष्ट्रिय नीति २०५३, स्थानीय स्वायत्त शासन ऐन २०५५, राष्ट्रिय अपाङ्ग कार्ययोजना २०६०, राष्ट्रिय अपाङ्ग नीति तथा कार्ययोजना २०६३, नेपालको अन्तरिम संविधान २०६३ आदिद्वारा अपाङ्गता भएका व्यक्तिहरूका विविध अधिकारहरूलाई सुनिश्चित गर्ने कानुनी प्रयासहरू भएका छन् (डि.एच.आर.सी. नेपाल २००६) ।

यी ऐन, कानुन, नीति र कार्ययोजनाहरूको अवस्था र कार्यान्वयन पक्ष कस्तो छ ? ती ऐन कानुनहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई कुन रूपमा संरक्षण तथा सम्बर्धन गर्ने प्रयास भइरहेको छ अथवा अपाङ्गता भएका व्यक्तिहरूको चौतर्फी विकासकालागि राज्यका कुन कुन संयन्त्रमा अवरोधहरू छन् र तिनका समाधानका उपायहरू के के हुन सक्छन् ? भन्ने विषयमा छलफल गरी त्यस्ता अवरोधहरूको पहिचान र समाधान गर्नु अतिनै आवश्यक भइसकेको छ ।

नेपालमा वि.सं २०२१ सालमा लेबोरेटरी स्कुल (हाल कीर्तिपुर)मा दृष्टिविहीनहरूको शिक्षासँगै एकीकृत रूपमा विशेष शिक्षाको सुरुवात् भएको हो । वि.सं २०२३ सालमा वीर अस्पतालको सानो कक्षामा बहिराहरूका लागि शिक्षा प्रारम्भ भयो । वि.सं २०२६ सालमा अपाङ्ग खगेन्द्रबहादुर वस्नेतद्वारा सबै किसिमका अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा तथा तालिमको विकास गर्ने उद्देश्यले नेपाल अपाङ्ग संघ (नवजीवन गृह) को थालनी भएको थियो । यसैगरी वि.सं २०३८ सालमा निर्मल बाल विकास केन्द्र नामक विद्यालय स्थापना गरी सुस्त मनस्थिति भएका बालबालिकाका लागि पनि पठनपाठन गराउन प्रारम्भ गरिएको थियो ( राष्ट्रिय अपाङ्ग महासंघ २०६०) ।

उपर्युक्त सबै कानुन, नियम र व्यावसायिक तथा संस्थागत कार्यहरू अपाङ्गता भएका व्यक्तिहरूलाई शिक्षाको अवसर प्रदान गरी समाजमा अन्य साङ्गहरू सरह सशक्त वनाई उनीहरूलाई उत्पादनशील र स्वावलम्बी नागरिकका रूपमा स्थापित गर्ने उद्देश्यले नै चालिएका कदमका रूपमा लिन सकिन्छ । यस्तै उद्देश्य प्राप्तिका लागि नेपालमा कैयौं गैरसरकारी संस्थाहरू पनि स्थापित भई कार्यरत रहेका छन् । यसरी अपाङ्गहरूलाई क्रियाशिल गराई राष्ट्रिय मूल धारमा ल्याउने प्रयास वा अभियान जारी छ ।

अपाङ्गहरूका निम्ति नेपालमा बनेका ऐन कानुनहरूमध्ये अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ तथा नियमावली २०५१ प्रमुख हुन् । नेपालको अन्तरिम संविधान २०६३ मा पनि अपाङ्ग भएका व्यक्तिहरूलाई विकासको मूलधारमा समावेश गराउनेबारेमा उल्लेख छ । ऐन र नियमावलीमा अपाङ्गहरूका लागि शिक्षा, स्वास्थ्य, रोजगारी र अवसर प्राप्त गर्ने, स्वरोजगार प्राप्त गर्ने, कर छुट पाउने, यातायात सुविधा र निःशुल्क कानुनी सेवा जस्ता विषयहरू समावेश भएका छन् (नेपाल सरकार,२०३९) ।

यी ऐन र नियमावलीमा समयसमयमा केही संशोधन हुँदै दसौं पञ्चवर्षीय योजना (२०५९-२०६४) मा पनि अपाङ्गतासम्बन्धी कानुन संशोधन गरी निःशुल्क शिक्षा, तालिम, स्वास्थ्य सेवाको साथै रोजारी र अन्य अवसरहरूको व्यवस्था गर्ने, विभिन्न सेवा र सुविधाका क्षेत्रमा सहुलियत दिन पहल गर्ने, योजना तर्जुमा गर्ने, अनुगमन समन्वय गरी सञ्जाल विकासमा सहभागिता बढाउन पहल गर्ने, अपाङ्गता निरोधात्मक, उपचारात्मक र चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, अपाङ्ग व्यक्तिहरूको तथ्याङ्क अद्यावधिक गरी अपाङ्गता परिचयपत्र वितरणलाई निरन्तरता दिँदै यस क्षेत्रमा काम गर्ने संस्था सुदृढीकरण र आवश्यक जनशक्तिको विकास गर्नेजस्ता व्यवस्थाहरू भए (सि.बि.आर.,२०६३) ।

नेपालमा अपाङ्गता भएका व्यक्तिहरूको जनसङ्ख्याको समय समयमा सर्वेक्षण भए तापनि अपाङ्गता भएका व्यक्तिहरूको अन्य पक्षहरूको सम्बन्धमा विस्तृत सर्वेक्षण आधिकारिक तथा सर्वमान्य रूपमा भएको देखिँदैन । अपाङ्गता भएका व्यक्तिहरूका हक, हित र संरक्षण तथा संवर्धनका लागि विभिन्न ऐन, नियम तथा नीतिहरू बनेका छन् तापनि यसको प्रभावकारी रूपमा लागू हुन नसकिरहेको अवस्था देखिन्छ ।

अझै पनि हाम्रो समाज पुरानो रुढिवादी सोचले ग्रस्त छ । यसको मूलकारण शिक्षा र सामाजिक चेतनाको अभाव हो । यस्तो सोचका कारण अपाङ्गप्रतिको नकारात्मक विचार हट्न सकेको छैन । अपाङ्ग व्यक्तिहरूले सामाजिक अत्याचार र भेदभावको सामना गरिरहनु परेको

छ । परम्परागत सोचका व्यक्तिहरू अपाङ्गतालाई पूर्वजन्मको पापकारूपमा हेर्ने गर्दछन् । यसले गर्दा उनीहरू उचित संरक्षण प्राप्त गर्नबाट मात्र वञ्चित नभई शिक्षा, स्वास्थ्य तथा अन्य सार्वजनिक सुविधाबाट समेत वञ्चित हुनु परिरहेको छ । हाल आएर समाजमा अपाङ्गहरूप्रतिको दृष्टिकोणमा अलि सकारात्मक हेराइको विकास भएको देखिन्छ । यसको कारण राज्यले बनाएका अपाङ्गप्रतिको राष्ट्रिय नीतिनियम, कानुनी व्यवस्था तथा शिक्षा, स्वास्थ्य सेवा, रोजगारी नै हुन् । राज्यको नीतिनियम, ऐन, कानुन बमोजिम नै सामाजिक प्रक्रिया सञ्चालन हुने भएकाले राज्यले समयसापेक्ष योजना बनाउनु अति आवश्यक छ ।

राज्यले असहाय, अशक्त अपाङ्गहरूको संरक्षण र उन्नतिका लागि शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नु पर्दछ । निर्माण भएका ऐन कानुनहरू, योजनाहरूको कार्यान्वयनको अवस्था कस्तो छ ? ती कुराहरूले अपाङ्गता भएका व्यक्तिहरूलाई कुन रूपमा संरक्षण तथा सम्वर्धन गरिरहेकोछ ? उनीहरूको चौतर्फी विकासका लागि राज्यको कुन कुन संयन्त्रमा अवरोध छन्, ती अवरोध हटाउने उपायहरू के के हुन सक्छन् ? भन्ने विषयमा बृहत् अध्ययन, छलफल र अन्तरक्रिया गरी त्यस्ता अवरोधहरूलाई उपयुक्त ढंगले निराकरण गर्ने पहल गरिनु पर्छ । यसकालागि अपाङ्गताका महत्त्वपूर्ण सबालहरूलाई संविधानमा समावेश गराउन उनीहरूकै प्रतिनिधित्व हुनु नितान्त जरुरी हुन्छ ।

केन्द्रीय तथ्याङ्क विभाग (२०६९) काअनुसार  नेपालको जनसङ्ख्या जम्मा २,६४,९४,५०४ मध्ये ५,१३,३३१ जनसङ्ख्या (२%) अपाङ्ग छन् । यी अपाङ्ग व्यक्तिहरूमध्ये पनि अपाङ्गताको प्रकृतिअनुसार विभिन्न सङ्ख्यामा विभिन्न प्रकृतिका अपाङ्ग व्यक्तिहरू रहेका छन् । तथ्याङ्कअनुसार शारीरिक अपाङ्ग ३६.३३ %, दृष्टिविहीन/अल्पदृष्टि १८.४६ %, बहिरा तथा सुस्तश्रवण १५.४५ %, मानसिक अपाङ्गता ६.०३ %, बहिरा-अन्धा १.८४ % बोली सम्बन्धि अपाङ्गता ११.४७ %, बौद्धिक अपाङ्गता २.९ % र वहुअपाङ्गता ७.५२ % रहेको छ ।

उक्त तथ्याङ्कलाई अध्ययन गर्दा नेपालको कुल अपाङ्ग जनसङ्ख्याको ३६.३०% जनसङ्ख्या अर्थात् १,८६,३३६ जना व्यक्ति शारीरिक अपाङ्ग रहेको देखिन्छ । यो सङ्ख्या कुल जनसङ्ख्याको ०.७% हो । यस तथ्याङ्कका आधारमा हेर्दा नेपालमा शारीरिक अपाङ्गहरूको सङ्ख्या सबैभन्दा बढी रहेको तथ्य पुष्टि हुन्छ ।

सि.वि.आर. (२०६३) काअनुसार मोरङ जिल्लाको कुल जनसङ्ख्या ८,१०,८३० मध्ये १०,५६४ सङ्ख्या अपाङ्ग रहेको पाइएको छ । त्यसमध्ये ४९.०६% शारीरिक अपाङ्ग रहेको

देखिन्छ । यस आधारले पनि शारीरिक अपाङ्गहरूको सङ्ख्यानै सबैभन्दा बढी भएको पुष्टि हुन्छ ।

शारीरिक अपाङ्गहरूको सङ्ख्या सबैभन्दा बढी देखिएको भएपनि मुलुकमा बनेका ऐन, कानुन, नीति, नियमहरूले अपाङ्गता भएका व्यक्तिहरूको हक, हित र संरक्षणमा प्रभावकारी भूमिका निर्वाह गरिरहेको अवस्था देखिँदैन । यसै परिप्रेक्ष्यमा शारीरिक अपाङ्ग बालबालिकाहरूको शैक्षिक स्थिति पत्तालगाउने, कक्षा व्यवस्थापनको अवस्था विश्लेषण गर्ने, उनीहरूले भोगेका समस्याहरू तथा समाधानका उपायहरू पत्ता लगाउने र आवश्यक सुझाबका साथ सरकारी तवरबाट बनाइएका नीति, नियम तथा कार्यक्रमहरूका बारेमा यो अध्ययन केन्द्रित रहेकोछ ।

## १.२ समस्याको कथन

वर्तमान विश्वमा विज्ञान र प्रविधिले जतिसुकै आधुनिक सुविधाहरूको विकास गरेपनि अपाङ्गपनको समस्या सबैठाउँमा कुनै न कुनै रूपमा रहिरहेकै छ । विकसित देशहरूमा यस्ता समस्यामा केही सरलता ल्याउन सफलता प्राप्त भएपनि नेपाल जस्तो अल्पविकसित र सामाजिक, शैक्षिक रूपले पिछडिएको मुलुकमा यो समस्या भयावह नै रहेको छ । त्यसमा पनि अपाङ्गहरूको शिक्षा तथा अन्य व्यवस्थापनका पक्षमा उत्पन्न समस्याले जटिलता थपेको छ । अपाङ्गहरूको शिक्षा तथा अन्य व्यवस्थापनको क्षेत्रमा रहेका समस्याहरूको सम्बन्धमा विश्लेषण गर्नकालागि सम्बन्धित क्षेत्रको अध्ययन गर्नु आवश्यक हुन्छ ।

अपाङ्गहरू आफ्ना सामान्य दैनिक कार्यहरू अन्य साङ्गहरूले जस्तो सरल र सहज ढङ्गले गर्न असमर्थ हुन्छन् । त्यसमाथि पनि समाजको अल्पचेतनाको परिणाम स्वरूप उनीहरूप्रतिको धारणामा नकारात्मकता भइदिँदा जीवन जिउन कठिन अवस्थामा छन् ।

अपाङ्ग व्यक्तिहरूका पक्षमा ऐन, नियमहरू निर्माण भएका छन्, बनिँदै छन् । उक्त नियमहरूका कारण कतिपयले सेवाहरू पाइरहेका छन् भने कैयौं अपाङ्गहरू सेवाबाट वञ्चित पनि छन् । बाटोघाटो, पहुँचयोग्य सार्वजनिक स्थल, विद्यालय, सरकारी कार्यालय, चर्पी, सवारी साधन आदि उनीहरूको सहज पहुँच पुग्ने गरी निर्माण नहुनु, अस्पतालमा उपचारको कोटाको व्यवस्था नहुनु, शैक्षिक पहुँच सबैठाउँमा नहुनु, सञ्चारका साधनबाट वञ्चित रहनुपर्ने स्थिति हुनु जस्ता कुराले गर्दा अझसम्म पनि अपाङ्गहरूको उचित मात्रामा विकास हुन नसकेको

अवस्था छ । त्यसैले सबै क्षेत्रबाट सुविधाको व्यवस्था गरी अपाङ्गहरूका समस्यालाई हल गर्न सके मात्र उनीहरू पनि देशको एउटा उत्पादनशील नागरिक वन्न सक्छन् ।

नेपालको अन्तरिम संविधान २०६३ को मौलिक हकमै अपाङ्गहरूको अधिकारका वारेमा उल्लेख गरिएको छ तर पनि त्यसको मर्मलाई समाजमा, शैक्षिक संस्थाहरूमा आत्मसात् नगरिएको अवस्थाहरू पनि देखिएका छन् । यस्ता अवस्थाहरू अपाङ्गहरूका समस्याका रूपमा रहेको पाइन्छ ।

सबैकालागि शिक्षा (Education for all EFA)को विश्वव्यापी घोषणा अनुरूप शारीरिक अपाङ्ग बालबालिकाहरू पनि उक्त कार्यक्रमको दायराभित्र सहजै अटाउने वातावरण हुनु पर्दछ । साङ्गहरू सरह उनीहरूले पनि शिक्षा प्राप्तगर्न सहज अवस्था रहनु पर्दछ वा त्यस्तो सहज वातावरण पाउनु अपाङ्गहरूको अधिकार हो । तर कार्यक्रमको उद्देश्यअनुरूप अपाङ्गहरू यसमा सहज ढङ्गले समाहित हुन उनीहरू थुप्रै बाधाहरूको सामना  गर्नु पर्ने स्थितिमा रहेका छन् । त्यस्ता बाधाहरूका कारण सबैकालागि शिक्षाको मर्म पुराहुन नसक्ने अवस्था सृजना हुन पुग्दछ ।

विश्वभर विभिन्न मानव अधिकारवादी संघ/संस्थाहरू मानव कल्याण र अधिकारका लागि कार्यरत छन् । हाम्रो देश र समाजमा पनि त्यस्ता संघ/संस्था रहेका छन् । उनीहरू समाजका विभिन्न तह, वर्ग, समुदायका व्यक्तिहरूका विविध मानवीय अधिकारका कुरामा लागिपरेका देखिएको छ । तर पनि शारीरिक अपाङ्ग बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँचको स्थिति भने खासै सहज बनेको देखिँदैन । अधिकारकर्मीहरूले यस्ता विषयमा धेरै कुरा उठाएका, केही पहल गरेका भएतापनि ठोस रूपले ठ्याक्कै समस्यामा नै आफ्नो दृष्टि पुगिरहेको नदेखिएको अवस्था छ ।

उपर्युक्त समस्याहरूको क्षेत्र व्यापक हुन सक्दछ तापनि यहाँ ती समस्याका क्षेत्रहरूभित्रैको अंश शारीरिक अपाङ्ग बालबालिकाहरूको विद्यालय शिक्षा प्राप्तिको असहजताको अवस्था नै मूल समस्याकारूपमा लिइएको छ ।

### १.३ अध्ययनको औचित्य

अपाङ्गता जुनसुकै कारणले भए तापनि उनीहरू सहज ढङ्गले आफूले इच्छाएको कार्य गर्न असक्षम हुन्छन् । उनीहरूका इच्छा, चाहना र आवश्यकताहरू अरू साङ्गहरूका जस्तै हुन्छन् । यसले गर्दा उनीहरूका इच्छा, चाहना र आवश्यकता पुरागर्न जिम्मेवार पक्षले पहल गर्नुपर्छ । शिक्षा प्रदान गरी रोजगार र आत्मनिर्भर बनाउनेतर्फ सबैको ध्यान जानु पर्दछ ।

उनीहरूप्रतिको सामाजिक धारणालाई सकारात्मक बनाउन चेतनामूलक कार्यहरूगर्नु आवश्यक हुन्छ । अपाङ्ग हुनु कसैको दोष होइन, मानिस जन्मेदेखि मृत्युसम्म कुनैपनि वेला कहीँ पनि अपाङ्ग हुन सक्छ भन्ने कुराको सबैमा चेतना भएमा अपाङ्गहरूको पनि मनोबल बढ्छ । अपाङ्गहरूले जुन जुन क्षेत्रमा जे जस्तो समस्या बेहोर्नु परिरहेको छ, ती समस्याहरूको जडको अध्ययन गरी समाधानार्थ आम समुदायलगायत विशेषतः जिम्मेवार पक्षले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नु पर्दछ ।

यसै अवस्थाका बारेमा जानकारी लिई उपर्युक्त बमोजिमका समस्याहरूको पहिचान र समस्याका  समाधानार्थ सहयोग पुग्ने गरी यस अध्ययनमा यो विषयवस्तुलाई यहाँ लिइएको छ । अपाङ्गहरूका सम्बन्धमा रहेका विविध बाधा र अड्चनहरूका बीचमा रहेर अध्ययन गर्नु निश्चयनै चुनौतीपूर्ण कार्य भएकाले यस अध्ययनले सम्बन्धित पक्षलाई शारीरिक अपाङ्ग बालबालिकाकालागि शैक्षिक पहुँचका कार्यक्रम तय गर्न एवम् उनीहरूका कठीनाइहरूलाई न्यूनीकरण गर्ने किसिमका योजना तर्जुमागर्न सहयोग पुऱ्याउने अपेक्षा राखिएको छ ।

विभिन्न असहजताका कारणहरूबाट अपाङ्गहरूमा जुन ढङ्गले विभिन्न कार्य सम्पादनमा असर परेको छ, यस्तै किसिमले प्राविधिक सहयोगबाट उनीहरूमा रहेको दक्षता, क्षमताअनुरूप कार्य गर्नमा सहयोग पुग्छ । यसले गर्दा विभिन्न निकायहरूबाट यस्तो परिस्थितिमा उनीहरूको हितका लागि कार्यक्रमहरू सञ्चालन गर्न र यससँग सम्बन्धित क्षेत्रको वास्तविकतालाई प्रस्ट पार्न यस अध्ययनले थप सहयोग पुग्ने विश्वास गरिएको छ ।

यो अनुसन्धान शारीरिक अपाङ्ग बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँचका विषयमा जानकारी राख्न चाहनेहरूका लागि र शोधकर्ताका लागि एउटा अभिलेखका रूपमा रहनेछ । शोधकर्ता स्वयम्का लागि सम्बन्धित विषयप्रतिको ज्ञानका  रूपमा यो अध्ययन स्थापित भएको छ ।

शारीरिक अपाङ्ग बालबालिकाको विद्यालयमा पहुँचको अवस्था, त्यसका बाधाहरू र समाधानका उपायहरू, कक्षा व्यवस्थापनकालागि उपयुक्त वातावरण कसरी मिलाउन सकिन्छ भन्ने कुराका लागि यस अध्ययनले विद्यालयहरूलाई सहयोग पुऱ्याउने छ ।

अपाङ्गहरूका हितकालागि स्थापित सामुदायिक संघ/संस्थाहरूका लागिपनि यो अध्ययनले उनीहरूका लक्ष्य अनुसारका कार्यक्रमहरू तयगर्न उपुक्त हुने विश्वास गरिएको छ । त्यस्ता संघ/संस्थाहरूले उनीहरूका उद्देश्यअनुसारका कार्यहरू गर्न यस अध्ययनका मद्दतले

सहजता अनुभूति गर्नेछन् भन्ने आशा राखिएको छ । अध्ययनले अपाङ्गहरूलाई मूलप्रवाहीकरणमा ल्याउन सहयोग गर्ने अपेक्षा गरिन्छ ।

राज्यस्तरमा, स्थानीय स्तरमा रहेका नीति निर्माताहरूलाई अपाङ्गतासम्बन्धी नीति तथा कार्यक्रमहरू निर्माण गर्नका लागि पनि यो अध्ययनले सहयोग पुऱ्याउने छ । यसभन्दा अघि तयार भई लागू भएका नीति, कार्यक्रमहरूमा केही अपूर्णता थियो भने पनि यस अध्ययनबाट उक्त खाल्टोलाई पुर्नका लागि थोरै भए पनि सहयोग पुग्ने विश्वास गरिएको छ ।

अपाङ्गहरूप्रति समाज वा समुदायमा रहेका दृष्टिकोण, उनीहरूप्रति गरिने व्यवहार, उनीहरूलाई उपलब्ध गराउने शैक्षिक अवसरमा कमी रहेको अवस्थामा यस अध्ययनले समुदायलाई त्यस्तो स्तरबाट माथि उठ्न र अपाङ्गप्रति सकारात्मक र सहयोगात्मक व्यवहार गर्नसमेत हौसला प्रदान गर्नेछ ।

अपाङ्ग बालबालिकाहरू स्वयम्ले पनि आफ्ना सामाजिक, शैक्षिक अवस्थाको पहिचान गर्न नसकिरहेका हुन सक्दछन् । त्यस्ता बालबालिकाहरूलाई कसरी आफू समाजका, विद्यालयमा, विद्यालयका हरेक गतिविधिमा अरू सरह संलग्न हुन नसकिरहेको छु भन्ने कुराको जानकारी लिन यस अध्ययनले हौसला र त्यस्ता गतिविधिमा संलग्नहुने उपायहरू पनि उनीहरूले प्राप्त गर्ने छन् भन्ने आशा लिएको छु ।

यस अध्ययनबाट योजनाकारलाई सम्बन्धित क्षेत्रको योजना र कार्यक्रम निर्माणमा सरलीकरण गर्न मद्दत पुग्नेछ । अनुसन्धानले शैक्षिक व्यवस्थापनमा गरिनु पर्ने सुधारलाई सहयोग पुग्नेछ । साथै सम्बन्धित संघ संस्थालाई आफ्ना कार्यक्रम निर्माण गर्न र सञ्चालन गर्न मद्दत पुग्नेछ । अनुसन्धानबाट विद्यालयमा उपलब्ध गराइएका र गराइनुपर्ने विभिन्न सेवा सुविधाहरूको निर्क्योल गर्न सहयोग पुग्ने छ । यस अनुसन्धानद्वारा सामाजिक दृष्टिकोणमा परिवर्तन गर्न तथा परिवारमा मनोबल बढाउन सहयोग पुग्नेछ ।

### १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका निम्नलिखित उद्देश्यहरू छन् :

क) शारीरिक अपाङ्ग बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच पत्ता लगाउनु ।

ख) शारीरिक अपाङ्ग बालबालिकाहरूका लागि कक्षा व्यवस्थापनको अवस्था विश्लेषण गर्नु ।

ग) शारीरिक अपाङ्ग बालबालिकाहरूले कक्षाकोठामा सामना गर्नुपरेका समस्याहरूको

लेखाजोखा गर्नु ।

घ) शारीरिक अपाङ्ग बालबालिकाहरूले विद्यालयका कक्षाकोठामा सामना गर्नुपरेका समस्या समाधानका उपायहरू सुझाउनु ।

## १.५ अनुसन्धानात्मक प्रश्नहरू

यो अनुसन्धान पुरा गर्न निम्न अनुसन्धानात्मक प्रश्नहरूको मद्दत लिइने छ :

क) शारीरिक अपाङ्ग बालबालिकाहरूको सिकाइ उपलब्धि कस्तो छ ?

ख) शारीरिक अपाङ्ग बालबालिकाहरूका लागि कस्तो व्यवस्थापन गर्नाले विद्यालय शिक्षामा सबैको पहुँच पुऱ्याउन सकिएला ?

ग) शारीरिक अपाङ्ग बालबालिकाहरूका लागि के कस्ता शैक्षिक सामग्रीहरू उपलब्ध छन् ?

घ) शारीरिक अपाङ्ग बालबालिकाहरूले विद्यालय र कक्षाकोठामा भोगिरहेका शैक्षिक समस्याहरू के के छन् ?

ङ) शारीरिक अपाङ्ग बालबालिकाहरूको शैक्षिक स्थितिमा कसरी सुधार ल्याउन सकिन्छ ?

च) शारीरिक अपाङ्ग बालबालिकाहरूले भोगिरहेका शैक्षिक समस्याहरू के गरी समाधान गर्नसकिन्छ ?

## १.६ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययनले बृहत् क्षेत्र ओगट्ने भए पनि सीमित स्रोत, साधन, समय र जनशक्तिका कारणले मोरङ जिल्लाको पथरी र शानिश्चरे गाउँ विकास समितिमा रहेका सामुदायिक विद्यालयहरूमा मात्र सीमित गरिएको छ । उक्त विद्यालयका कक्षा १ देखि १० सम्म अध्ययन गर्ने शारीरिक अपाङ्ग बालबालिकाहरूमा यो अध्ययन गरिएको छ । शैक्षिक सत्र २०६९ सम्म मात्र ती विद्यालयहरूमा त्यस्ता विद्यार्थीहरूका समस्या, सिकाइ उपलब्धि, उनीहरूको उपस्थितिको अवस्था, उनीहरूले प्राप्त गर्ने छात्रवृत्ति, विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापमा सहभागिताको स्थिति, कक्षाकोठाको अवस्था, शौचालयको पहुँचमा केन्द्रित रही अनुसन्धान सीमित गरिएको छ ।यसरी सीमित गरी गरिएको यो अध्ययनको निष्कर्ष पनि यसै क्षेत्रमा मात्र उपयोगी हुनेछ ।

# परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका

यस परिच्छेदमा प्रस्तुत शोध अध्ययनलाई सहयोग पुऱ्याउने विभिन्न पूर्वअध्ययन तथा प्रतिवेदनहरूको पुनरावलोकन गरी तिनका प्राप्ति र सुझाबहरूलाई उल्लेख गरिएको छ । यस्तै प्रस्तुत अध्ययनको सैद्धान्तिक खाकाका रूपमा मेरी पार्कर फोलेट, चार्ल्स हर्टन कुली र केनेथका सिद्धान्तहरूलाई प्रस्तुत गरिएको छ ।

## २.१.सम्बन्धित साहित्यको पुनरावलोकन

अधिकारी (२०६२) काअनुसार अपाङ्गहरूमध्ये ज्यादै न्यूनले मात्र शिक्षा तथा रोजगारको अवसर पाएका छन् । समग्रमा रहेका अपाङ्गहरूको सङ्ख्याको तुलनामा कमै मात्रको अपाङ्ग संघहरूमा नाम दर्ता भएको र अन्यकाबारेमा जानकारी हुन नै बाँकी रहेकोछ ।सरकारी र गैरसरकारी कार्यालयहरूमा काम गर्ने व्यक्तिहरूको सङ्ख्यामध्ये निकै थोरै प्रतिशत मात्र अपाङ्ग व्यक्तिहरू रहेका छन् ।केही अपाङ्ग व्यक्तिहरू सिपमूलक कार्यमा संलग्न भएको पाइन्छ । आम चेतनाका साथ शारीरिक अपाङ्गहरूका लागि विशेष स्थानको सिर्जना गरीउनीहरूलाई शिक्षित बनाएर उत्पादनशील नागरिक वनाउनकालागि सबै पक्षबाट रोजगारी तथा स्वरोजगारीका अवसर सिर्जना गर्नुपर्ने अवस्था रहेको छ ।
अपाङ्गलाई शिक्षा साथै रोजगारीमा प्राथमिकता दिने र उनीहरूलाई 'दया होइन अवसर दिनुपर्छ' भन्नेकुरा लाई अवलम्बन गर्दै शारीरिक अपाङ्गहरूलाई साधारण विद्यालयमा आकर्षित गर्न छात्रवृत्ति, निःशुल्क शैक्षिक सामग्री, खाजा तथा अन्य सहयोग गर्दै उनीहरूलाई आवश्यक पर्ने बैसाखी,ह्विल चेयर, कृत्रिम हातखुट्टा, ट्राइसाइकल, विद्यालयमा विशेष फर्निचरको व्यवस्था गरी शिक्षाका लागि प्रेरित गर्नुपर्ने आवश्यकता छ ।

अपाङ्ग बालबालिकाका अभिभावकलाई शिक्षाप्रति उत्प्रेरित गर्दै रोजगारी प्राप्त गर्न प्राविधिक शिक्षा, सिपमूलक तालिम दिई आत्मनिर्भर, उत्पादनशील र दैनिक जीविकोपार्जन गर्नसक्ने नागरिक वनाउन सरकारी, गैरसरकारी संस्था, शिक्षक, प्राध्यापक, योजनाकार प्रशासनलाई सुझाब दिनुभएको छ ।

शर्मा (२०६५) काअनुसार बहिरा तथा सुस्तश्रवण वालबालिकाप्रति समाज तथा परिवारको धारणापहिलाको तुलनामा धेरै राम्रो भइसकेको छ । तालिम प्राप्त शिक्षकहरूबाट प्रभावकारी तथा गुणस्तरीय शिक्षा प्रदान गर्न उपयुक्त शैक्षिक सामग्रीको प्रयोग गरी शिक्षण गर्दा अपाङ्गहरू पनि सक्षमहुन सक्छन् । बहिरा तथा सुस्तश्रवण बालबालिकाका लागि उपयुक्त र जीवनोपयोगी शिक्षाको आवश्यकता देखिएकाले सरकारले उपयुक्त पाठ्यक्रमको विकास

गर्नुपर्ने र सरकारले नीति निर्माण तथा पाठ्यक्रम निर्माण कार्यमा स्थानीय तहबाट परामर्श लिनु पर्ने जरुरी छ । आफ्नो गाउँ आफैँ वनाऊँ भने झैं अपाङ्गता विकास अभियानलाई पनि आफ्नै गाउँबाट वा स्थानीय तहबाट लागू गर्ने व्यवस्था मिलाउनु पर्छ ।

अपाङ्गहरूको व्यक्तित्व विकास र उनीहरूलाई अन्य सरह अवसरहरूमा पहुँचमा ल्याउन उपयुक्त किसिमको शिक्षाको व्यवस्था गरिनु पर्छ । खासगरीसिपमूलक, प्राविधिक शिक्षा वा अर्थोपार्जन गरी जीविका चलाउन सक्ने शिक्षाको पाठ्यक्रम तयारगरी लागूगर्नुपर्दछ । स्थानीय तहलाई समावेश गरी सरकारले शैक्षिक नीति निर्माण गरी, उचित व्यस्थापनका लागि आर्थिक लगानी बढाउनु पर्दछ । विषेश शिक्षा सञ्चालन गरिरहेका विद्यालयहरूलाई भेला गरी वेलावेलामा अभिमुखीकरण कार्यक्रम र तालिमहरू सञ्चालन गर्नुपर्ने, बहिराहरूका लागि सरकारी कार्यालय, अस्पताल वा यस्तै सार्वजनिक स्थलहरूमा दोभासेको व्यवस्था गर्नुपर्ने, साङ्केतिक भाषाका सङ्केतहरू कम भएकाले नेपाली भाषाका अरू थप सङ्केतहरू विकास गर्नुपर्ने टड्कारो आवश्यकता रहेकोछ ।अपाङ्गहरूको शिक्षामा पहुँच पुर्‍याउन सबैले आआफ्नो ठाउँबाट पहल गर्नुपर्दछ । प्रेरणात्मक कार्यक्रमहरू आयोजना गरी पारिवारिक, सामाजिक, तथा आर्थिक परिवेशलाई पहिचान गर्दैउपयुक्त किसिमले कक्षा व्यवस्थापन गर्नुपर्छ । नेपाली साङ्केतिक भाषा अनुभव प्राप्त शिक्षकको व्यवस्था हुनुपर्दछ । अपाङ्गहरूका लागि उपयुक्त किसिमका शैक्षिक सामग्रीहरूको विकास गरी सोहीअनुसार शिक्षण गर्नुपर्ने र निःशुल्क रूपमा शैक्षिक सामग्री, आवास , विद्यालय पोसाक, यातायात र खाजाको व्यवस्था गरी शिक्षाको पहुँचलाई सहज बनाउन आवश्यक छ ।

पराजुली (२०६४) काअनुसार विद्यालयको भौतिक तथा आर्थिक व्यवस्थापनमा कमजोरी रहेको पाईन्छ । सहयोग गर्ने विभिन्न निकायहरूले पनि पहुँचका आधारमा सुविधासम्पन्न विद्यालयलाई नै भौतिक निर्माणमा सहयोग गर्ने गरेका छन् । कमजोर भौतिक पूर्वाधार भएका सामुदायिक विद्यालयको भौतिक पक्ष मजबुत बनाउनका लागि सरकार, समुदाय र गैरसरकारी संघसंस्थाल् प्राथमिकता क्रम निर्धारण गरी लगानी गर्नुपर्ने सुझाव दिएको छ । प्राप्त स्रोत र साधनलाई उपलब्धिमूलक ढङ्गले उपयोग गनेका लागि विद्यालय प्रशासन र विद्यालय व्यवस्थापन समितिको कार्यक्षमतामा व्यापक सुधार गर्नुपर्ने देखिएकोछ ।

सी.वी.आर. (२०६३) काअनुसार समाजमा अपाङ्ग भएका व्यक्तिहरूप्रतिसकारात्मक धारणा रहेको छ । अपाङ्गहरूको सोचमा पनि सकारात्मकताको विकास भएको देखाएको छ । अपाङ्गहरू समाजमा अरू व्यक्तिहरूसँग अरू सरहनै घुलमिल हुन चाहन्छन् ।

अपाङ्गता भएका परिवारमा पनि परिवारका अन्य सदस्यले अपाङ्ग सदस्यलाई राम्रो व्यवहार गर्ने, आवश्यक सरसहयोगमा कमी हुन नदिने प्रोत्साहित गर्ने गरेको पाइएको छ। तुलनात्मक रूपमा पहिलेको दाँजोमा समाज, परिवार र समुदायका अन्य विविध पक्षबाट अपाङ्ग व्यक्तिहरूप्रति राम्रो दृष्टिकोणको विकास भई त्यसैअनुरूप व्यवहार हुने गरेको छ।

डी.एच.आर.सी. नेपाल (२००६) काअनुसार अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि र स्वेच्छिक प्रोटोकलले अपाङ्गहरूको क्षेत्रलाई ५० वटा धारामा सीमित गरेको छ। यस महासन्धिले राज्य सरकारले प्रतिबद्धता व्यक्त गरेका अधिकार तथा मानव अधिकारसम्बन्धी दस्तावेजहरूलाई पालना गराउनु जिम्मेवारी र उत्तरदायी बनाउन सहयोग पुऱ्याउने विश्वास गरेको छ। यस महासन्धिको मुख्य उद्देश्य अपाङ्गता भएका सबै व्यक्तिहरूद्वारा हुने सम्पूर्ण मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरूको पूर्ण र समान उपभोग प्रबर्द्धन गर्नु रहेको छ।यस महासन्धिका सामान्य सिद्धान्तहरूमा वैयक्तिक स्वतन्त्रताको सम्मान, गैर भेदभाव, समाजमा पूर्ण र प्रभावकारी सहभागित तथा समावेशीकरण, अवसहरूमा समानता, पहुँच योग्यता, पुरुष र महिला अपाङ्गताबीच समानता रहेका छन्।

नेपाल सरकार (१९९७-२००२) ले विशेष आवश्यकता शिक्षा (Special Needs Education) शीर्षकमा समावेशी विद्यालय (Inclusive Schools) को धारणालाई जोड दिएको छ। पहिलो गुरुयोजना (१९९१-९७) का कमीकमाजोरीहरूलाई औँल्याएको छ। यसमा नीति कार्यान्वयन, अनुसन्धान तथा तालिम, शिक्षक प्रशिक्षक र पाठ्यक्रम अनुगमन र सुपरिवेक्षण सम्बन्धमा थुप्रै सिफारिसहरू गरिएको छ। पाठ्यक्रमका सम्बन्धमा भनिएअनुसार विशेष शिक्षा सम्बन्धी पाठ्यसामग्रीलाई साधारण शिक्षक प्रशिक्षकका प्रत्येक तहका पाठ्यक्रममा समाबेश गरीनुपर्छ, ताकी साधारण विद्यालयका शिक्षकहरूले पनि सामान्य र अपाङ्गहरूलाई पढाउन सकुन्। विशेष शिक्षाको तत्वहरूमा अनौपचारिक र व्यवसायिक शिक्षा दुबै हुनुपर्छ। प्रत्येक तहको पाठ्यक्रममा अपाङ्गता रोकथाम गर्ने र अपाङ्गहरूले बेहोरिरहेका चुनौतिहरूका बारेमा जानकारी राखिनुपर्दछ। साथै अपाङ्गहरूमा रहेको उर्जा सम्बन्धी जानकारीलाई जोड दिनुपर्छ।

नेपाल सरकार (२०५१) ले अपाङ्गता भएका व्यक्तिहरूको लगत राख्ने, परिचयपत्र दिने, अपाङ्गता भएका व्यक्तिहरूका लागि अपाङ्ग घरको स्थापना तथा सञ्चालनमा सरकारले सहयोग उपलब्ध गराउने, शिक्षा, तालिम, स्वास्थ्य उपचारको व्यवस्था, आयकर छुट र अपाङ्ग सेवा कोष तथा सरकारी, कानुनी सुविधाका व्यवस्थाहरू गरेको छ।

राष्ट्रिय योजना आयोग (२०६४) काअनुसार नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्द्धन गर्न कानुनी र संस्थागत व्यवस्थाका साथै शिक्षा, स्थास्थ्य लगायतका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने साथै उनीहरूको अधिकार सुनिश्चित गर्न थप प्रयास गर्नुपर्ने आवश्यकतालाई हेरी विशेष कार्यहरू गर्ने व्यवस्था गरेको छ ।

यसरी अपाङ्गता सम्बन्धी विभिन्न शोधपत्र, ऐन नियम, लेख आदिकुराहरूको अध्ययन गरियो । विभिन्न पत्रपत्रिकामा सान्दर्भिक लेख प्रतिवेदनहरू समेत हेर्दा ती कुराहरूमा उठाएका कतिपय मुद्दाहरू शोध शिर्षक सँग सामान्य आबद्धता भएका देखिएता पनि त्यहाँ मैले प्रश्तुत गर्न खोजेको शारीरिक अपाङ्गहरूको विद्यालय शिक्षामा पहुँचको ठोस अध्ययन गरि प्रष्ट तथ्याङ्क उल्लेख भएको देखिएन । शारीरिक अपाङ्गता सम्बन्धी पूर्णताको जानकारी दिन र शारीरिक अपाङ्गहरूको विद्यालय शिक्षामा भएको पहुँचको यथार्थ स्थिति उपर्युक्त लेखहरूले दिन सकेका छैनन् ।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

यस अध्ययनका लागि मेरी पार्कर फोलेटको मानव सम्बन्ध सिद्धान्त, केनेथको प्रणाली सिद्धान्त, चार्ल्स हर्टन कुलीको सेल्फ इमेज र लुकिङ ग्लास सेल्फका सिद्धान्तहरूलाई अध्ययनको वैचारिक खाका मानिएको छ ।
फोलेट (१८६८) का अनुसार संगठनमा काम गर्ने मानिसहरूसँग मानवीय सम्बन्ध गतिशील र सुमधुर किसिमको हुनुपर्दछ । संगठन प्रमुख र कर्मचारीबीचको सम्बन्ध मानवीय नाताका आधारमा हुनुपर्दछ । प्रमुख र कर्मचारीबीचको असमझदारी उनीहरूमा लुकेको विचारबाट हुन्छ र यस्तो विचारलाई अभिव्यक्त गर्न लगाएर समझदारी गराउनु पर्दछ । फोलेटले मानव सम्बन्ध सिद्धान्तलाई अघि बढाउन समन्वय सम्बन्धी चार सिद्धान्त प्रतिपादन गरेकी छन् ।सम्बन्धित व्यक्तिहरूको प्रत्यक्ष सम्पर्कद्वारा समन्वय, प्रारम्भिक अवस्थामा समन्वय, सबै अवस्थामा पारस्परिक सम्बन्धका रूपमा समन्वय र एक निरन्तर प्रक्रियाका रूपमा समन्वय । सरोकार वाला सबैको सहभागिताको समन्वय गरी सबै किसिमका वालवालिकाको शैक्षिक उपलव्धी उच्च वनाउन, पहुँचमा सहजता ल्याउन सकिन्छ । हरेक व्यक्तिको आफ्नो निश्चित लक्ष्य हुन्छ र उक्त लक्ष्य प्राप्तगर्न लगानी गर्नुपर्दछ ।लगानी मानवीय, पूँजीगत, व्यवस्थापकीय अथवा प्राविधिक हुन सक्छन् । निश्चित लक्ष्य वा उद्देश्य प्राप्ती गर्न कार्यान्वयन प्रक्रिया अवलमन गर्नुपर्दछ । कार्यान्वयन प्रक्रिया अन्तर्गत योजना, व्यवस्था, जनशक्ति, नेतृत्व, नियन्त्रण जस्ता कुराहरू आवश्यक पर्दछन् । कार्यान्वयन बाट उत्पादन हुन्छ । उत्पादनको

रूपमा सेवा, सन्तुष्टि, लक्ष्य प्राप्ति, फाइदा आदि पर्दछन् । हरेक प्रणालीलाई यसको वातावरणीय परिवेशले प्रत्यक्ष प्‌भाव पारिरहेको हुन्छ । वाह्य वातावरण प्रतिकुल हुन पुग्यो भने कार्यान्वयन पक्ष फितलो हुन्छ र अपेक्षित उपलब्धी प्राप्त गर्न सकिदैन । उत्पादनको गुणस्तरले लगानीको सुधारको लागि आवश्यक पृष्ठपोषण प्रदान गर्दछ । विद्यालय पनि एउटा सामाजिक संस्थाहो । समाजको पद्धतिले यसलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । विद्यालय एउटा निश्चित प्रणालीमा सञ्चालन भएको हुन्छ । यो प्रणाली शैक्षिक लगानी, प्रक्रिया र प्रतिफलसँग आवद्ध रहेको हुन्छ ।

विद्यालयीय संगठनमा लगानीको रूपमा मानवीय, आर्थिक तथा भौतिक साधनहरू हुन्छन् भने प्रकृयाको रूपमा शिक्षण शिकाइ क्रियाकलाप, अभ्यास र शैक्षणिक व्यवहार हुन्छ र प्रतिफलको रूपमा स्तरिय परिणाम वा उत्पादनलाई लिइन्छ । त्यसैले विद्यालयमा लगानीले नै सबै कुरा प्राप्त गर्न सकिन्छ भन्ने होइन कार्यान्वयन पक्ष प्रभावकारी हुनु जरुरी छ । तव मात्र गुणस्तरीय उपलब्धी हात लाग्दछ । अपाङ्ग बालबालिकाहरूलाई पनि सवलाङ्ग सरहको स्थितिमा उठाउन सकिन्छ भन्ने कुरामा विश्वस्त रहँदै विद्यालयलाई समाजभित्रको उपप्रणालीका रूपमा लिएर हेर्दा यो सिद्धान्तलाई प्रस्तुत अध्ययनको बैचारिक खाकाका रूपमा स्वीकार गरिएको छ (कोइराला र श्रेष्ठ २०६३ बाट उद्धृत) ।

केनेथ (१९६०) का अनुसार संगठनको अन्तरसम्बन्ध एवम् अन्तर्निभरता हुने तत्वहरूको संयोजन गरिने गरिन्छ । प्रत्येक संगठन विभाग, शाखा, उपशाखा मिलेर बनेको हुन्छ र बाह्य बातावरणबाट प्रभावित भएको हुन्छ । तसर्थ संगठनको उद्देश्य प्राप्तिका लागि प्रत्येक व्यवस्थापकीय क्रियाकलापहरूको सञ्चालन एकीकृत रूपमा गर्नुपर्दछ । सम्पूर्ण एकाइलाई संयोजन गरी संगठन सञ्चालन गर्नु पर्दछ (केसी २०६३ बाट उद्धृत) ।

विद्यालय एउटा प्रणाली हो र एक सामाजिक समूह पनि हो । समाजसँग यसको प्रत्यक्ष सरोकार रहेको हुन्छ । विद्यालय सञ्चालन सामाजिक प्रक्रियाका आधारमा हुने भएकाले यस सिद्धान्तलाई उपयोग गरी विद्यालय सञ्चालन प्रकृयाद्वारा सबै स्तरका बालबालिकाको शैक्षिक उपलब्धिलाई उच्च कायम गर्न प्रभावकारितामा बृद्धि हुन्छ भन्ने ठानेर प्रस्तुत सिद्धान्तलाई यो अध्ययनको बैचारिक खाका मानिएको छ ।

कुली ( १८६४ ) का अनुसार निश्चित र नियमित रूपमा जव मानिसले अरूसँग सञ्चारका माध्यमहरूद्वारा अन्तरक्रिया गर्दछ तव आत्म प्रतिविम्ब प्राप्त हुन्छ । यहि आत्मप्रतिविम्वका आधारमा सामाजिक क्रियाकलापको व्याख्या गर्ने सिद्धान्तलाई साङ्केतिक

अन्तरक्रिया सिद्धान्त भनिन्छ । उनका अनुसार मानिसले सामाजिक परिस्थितिमा समायोजन हुनका लागि आफ्नो प्रतिविम्ब आफैंले बनाउँछ । यस्तो प्रतिविम्ब निर्माण गर्दा व्यक्तिले आमा बाबु, घरपरिवार, समाज, साथीभाई लगायत अन्य व्यक्तिहरूसँग गरेको व्यवहार, सञ्चार तथा क्रियाकलापहरूबाट प्राप्त गर्ने गर्दछ । त्यहि प्रतिबिम्बको आधारमा सामाजिक क्रियाकलापहरू वा सामाजिक व्यवहार गर्ने गर्दछ (केसी २०६३ बाट उद्धृत) ।

उडवार्ड ( १९७०) का अनुसार व्यवस्थापनका सिद्धान्तहरू सबै परिस्थितिमा समान रूपमा लागू गर्न सकिँदैन । यो परिस्थितिमूलक हुन्छ । व्यवस्थापनका सिद्धान्तहरूको प्रयोगका लागि वातावरणका विद्यमान चरहरू अध्ययन गरेर निर्णय तथा कार्यहरू गर्नुपर्दछ । त्यसैले व्यवस्थापन परिस्थितिमूलक सिद्धान्तका आधारमा चल्दछ । वाताव।णले के र कसरी प्रभाव पारिरहेको हुन्छ सोको अध्ययनअनुसार मात्र व्यवस्थापनका सिद्धान्तको प्रयोग गर्न सकिन्छ । हरेक निर्णय गर्दा निर्णयले प्रभाव पार्ने तत्वहरूको समेत सहभागिता हुनुपर्दछ । त्यसैले कुनै पनि व्यवस्थापकको निर्णय कारण र प्रभावको संयोगमा निर्भर गर्दछ । विद्यालय व्यवस्थापनमा पनि परिस्थिति फरक फरक हुने हुनाले सबै खालका (अपाङ्ग,सवलाङ्ग) विद्यार्थीहरूको समान शैक्षिक पहुँचका लागि कारण र प्रभावको संयोगलाई ध्यान दिनुपर्ने हुनाले यो सिद्धान्तलाई पनि प्रस्तुत अध्ययनको बैचारिक खाका मानिएको हो ।

## २.३. पुनरावलोकनको उपादेयता

यस अध्ययन सँग सम्बन्धित सैद्धान्तिकखाका एवम् साहित्यको पुनरावलोकनबाट अहिले सम्म यस विषय सँग सम्बन्धित भई स्थापित भएका सिद्धान्त र तिनले बनाएका मूलभूत पक्षहरूको अध्ययन भएको छ । सम्बन्धित साहित्यको पुनरावलोकनले शारीरिक अपाङ्ग बालबालिकाहरूको सिकाई उपलब्धि, तिनीहरूको कक्षाकोठाको व्यवस्थापनका विषयमा अध्ययन गर्न मद्धत पुऱ्याएको छ । सैद्धान्तिक खाकाको अध्ययनबाट शारीरिक अपाङ्ग बालबालिकाहरूको लागि आवस्यक भौतिक सुविधा, तिनीहरूको लागि उपयुक्त व्यवस्थापनका पक्षमा अध्ययन गर्न मद्धत पुऱ्याएको छ । उपर्युक्त साहित्य र सैद्धान्तिक खाकाको अध्ययनले यस शोधकार्यमा उल्लेखि उद्देश्य अनुसारको अध्ययन गरी तथ्याङ्कका मद्धतले निश्कर्ष दिन समेत उपयुक्त सहयोग पुऱ्याएको छ । यस क्षेत्रमा नयाँ धारणाको खोजी गर्ने आधार समेत प्रदान गरेको छ । यसले विषयवस्तुमा अझ गहिरिएर अध्ययन गर्न थप सहयोग पुऱ्याएको छ ।

## परिच्छेद तीन : अध्ययन विधि

### ३.१. अनुसन्धानात्मक ढाँचा

प्रस्तुत शीर्षकको अध्ययनका लागि परिमाणात्मक र गुणात्मक दुबै अध्ययन ढाँचा अवलम्बन गरिएको छ । तथ्याङ्कलाई विश्लेषण गर्दा विभिन्न चित्र , तालिका, प्रतिशत आदिमा प्रस्तुत गरिएको हुनाले परिमाणात्मक ढाँचाको रहेको छ । साथै विभिन्न समस्या तथा सुझावहरूलाई वर्णन गरिएको हुनाले यो अध्ययन गुणात्मक ढाँचाको समेत रहेको छ ।

### ३.२.. जनसङ्ख्या

यस अनुसन्धान कार्यका लागि अनुसन्धानकर्ताको आफ्नो पायक पर्ने क्षेत्र मोरङ जिल्ला पथरी स्रोतकेन्द्र अन्तर्गत पथरी र शनिश्चरे गा.वि.स.का २० ओटा विद्यालय मध्ये अपाङ्ग बालबालिका अध्ययन गर्ने ६ ओटा विद्यालयहरूलाई नमुनाकारूपमा लिइएको छ ।

### ३.३. नमुनाको आकार

यस अनुसन्धान कार्यका लागि कुल जनसङ्ख्या मध्ये प्रा.वि., नि.मा.वि., मा.वि. सबैको प्रतिनिधित्व हुने गरी दुई प्रा.वि., दुई नि.मा. वि. र दुई उ.मा. वि. गरी ६ ओटा सामुदायिक विद्यालयलाई नमुना छनोट गरिएको छ । यसरी छनोट गर्दा विद्यालयका तीनवटै तहको प्रतिनिधित्व देखिन गएको छ ।  प्रत्येक विद्यालयमा रहेका शारीरिक अपाङ्ग बालबालिका २-२ जना छनोट गरिएको छ ।  तिनिहरूका अभिभावक, सम्बन्धित विद्यालयका प्र.अ.र उक्त बालबालिकाहरूलाई पढाउने शिक्षकहरू प्रत्येक विद्यालयबाट १-१जनालाई जनसंख्याका रूपमा छनोट गरिएको छ ।

### ३.४. नमुना छनोट विधि

यस अनुसन्धान कार्यका लागि सम्भावनामा आधारित नमुना छनोट प्रक्रिया अपनाई उद्देश्यमूलक नमुना छनोट विधिबाट विद्यालय छनोट गरिएको छ । नमुना छनोट गरिएका प्रत्येक विद्यालयबाट १/१ जना शिक्षक र २/२ जना विद्यार्थीलाई उत्तरदाताका रूपमा छनोट गरिएको छ । सम्बन्धित विद्यार्थीका अभिभावक १/१ जना, सम्बन्धित विद्यालयका प्र.अ लाई समेत छनोट गरिएको छ ।

### ३.५. नमुना छनोटको आधार

नमुना छनोट गर्दा स्रोत केन्द्र भित्रका २० वटा विद्यालयमध्ये, तह -प्रा.वि., नि.मा.वि. र उ.मा.वि.), भौगोलिक क्षेत्रलाई समेत समेट्नेगरी ६ वटा विद्यालय छनोट गरिएको छ । ती विद्यालयमा अध्यापन गर्ने शिक्षकहरू मध्ये अपाङ्ग बालबालिकाका कक्षामा अध्यापन गर्ने शिक्षकहरू समावेश हुने गरी छनोट गरिएको छ । अपाङ्ग बालबालिकाहरू छनोट गर्दा लिङ्ग, उमेर, जातजाति र भौगोलिक क्षेत्रलाई समेट्नेगरी छनोट गरिएको छ । अभिभावकहरूको छनोट पनि विद्यार्थीहरू छनोट गरेकै आधारमा गरिएको छ । सम्बन्धित विद्यालयका प्रधानाध्यापकहरू स्वत पर्ने नै भए । व्यवहारिक, सजिलो तथा सबै एकइहरूलाई छानिने बराबर मौका हुने, समय, श्रमर पैसाको समेत बचत हुने हुनाले नमुना छनोटका लागि यो विधि अपनाइएको छ ।

### ३.६.अनुसन्धानका साधन

नमुना छनोटमा परेका विद्यालयका विद्यार्थीहरू बाट तथ्याङ्क प्राप्त गर्न अन्तर्वार्ता प्रश्नावली तयार गरिएको छ । उक्त प्रश्नावली अनुसूची- ४ मा उल्लेख छ । नमुना छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक, अभिभावकहरूको प्रत्यक्ष अन्तर्वार्ता लिइएको छ । उक्त अन्तर्वार्ताका प्रश्नावली अनुसूची-१, २, ३ मा उल्लेख गरिएको छ । विद्यालयहरूमा रहेका विभिन्न अभिलेखहरूबाट लिइएका विभिन्न तथ्याङ्कहरूलाई पनि यस अनुसन्धानको साधनका रूपमा प्रयोग गरिएको छ । विद्यालय अवलोकन फारम अनुसूची- ५ मा समावेश गरिएकोछ ।

### ३.७. साधनको वैधता

साधनको वैधताका लागि अनुसन्धान निर्देशकसँग छलफल  गरिएको छ । प्राप्त सुझावका आधारमा साधनको उपयोग गरिएको छ । आफूभन्दा अगाडिका अनुसन्धानकर्ताका अनुभवका आधारमा समेत साधनको वैधता सुनिश्चित गरिएको छ ।

### ३.८. तथ्याङ्कका स्रोतहरू

प्रस्तुत अध्ययनका लागि प्राथमिक र द्वितिय दुबै प्रकारका तथ्याङ्कहरू उपयोग गरिएको छ ।प्राथमिक स्रोत अन्तर्गत प्रश्नावली र अन्तर्वार्ता लाई प्रयोग गरिएको छ  भने द्वितिय स्रोत अन्तर्गत विद्यालयका शैक्षिक तथ्याङ्क, अभिलेख, विद्यालय सुधार योजना, विभिन्न

शैक्षिक वुलेटिन, पत्रपत्रिका, शिक्षा मन्त्रालयबाट प्रकासित लेख, प्रतिवेदनहरू तथा शोधपत्र र पुस्तकहरूको प्रयोग गरिएको छ ।

### ३.९. तथ्याङ्क सङ्कलन विधि

तथ्याङ्क सङ्कलनका लागि सम्बन्धित विद्यालयमा आफैँ उपस्थित भएर विद्यार्थीहरू, शिक्षक र प्र.अ. सँग अन्तरवार्ता लिइएको छ । विद्यालयका अभिलेखहरूका आधारमा आवश्यक तथ्याङ्कहरू टिपोट गरिएको छ ।

### ३.१०. तथ्याङ्क विश्लेषण प्रक्रिया

अध्ययनका क्रममा प्राप्त भएका तथ्याङ्कहरूलाई आवश्यकता अनुसार तालिकिकरण गरिएको छ । आवश्यकता अनुसार प्रतिशत तथा अनुपातका आधारमा तथ्याङ्कको विश्लेषण गरिएको छ । यसैगरी निर्धारण गरिएका उद्देश्य अनुसार उपयुक्त शीर्षक चयन गरी प्राप्त तथ्याङ्कलाई सोही शीर्षकभित्र प्रस्तुतिकरण, व्याख्या र विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

# परिच्छेद चार : तथ्याङ्कको व्याख्या र विश्लेषण

तथ्याङ्कको संकलन पछाडि त्यसलाई विभिन्न विधि अपनाई विश्लेषण तथा व्याख्या गरिन्छ । विश्लेषण र व्याख्या भन्नाले संकलित तथ्याङ्कलाई बिशेषताका आधारमा वर्गीकरण र व्यवस्थित गरेर त्यसको व्याख्या गर्नु हो । विश्लेषण गरी निस्केको निष्कर्षलाई बुझ्ने गरी प्रस्तुतिकरण गरिन्छ । यस अनुसन्धानमा पनि सरोकारवालासँगको अन्तर्वार्ता वा छलफलबाट प्राप्त सूचना र तथ्याङ्कहरूलाई गुणात्मक विधि अपनाई व्याख्या र विश्लेषण गरिएको छ ।

## ४.१. शारीरिक अपाङ्ग बालबालिकाका विद्यालय शिक्षामा पहुँचको अवस्था

बालबालिकाको शैक्षिक अवस्था अन्तर्गत उनीहरूको शैक्षिक, सामाजिक तथा आर्थिक अवस्था, उनीहरूप्रतिको दृष्टिकोण, विद्यालयबाट पाएको व्यवहारप्रति उनीहरूको धारणा, अन्य विद्यार्थीसँगको सम्बन्ध, शैक्षिक अवसर पाएका र नपाएका यस्ता वालवालिकाबीच भिन्नता तथा विद्यालयले उनीहरूको प्रवेशका लागि गरेका पहल साथै विद्यालयमा प्रवेश पाएका विद्यार्थीहरूको संस्थागत विवरणलाई समावेश गरिएको छ ।

### ४.१.१ शारीरिक अपाङ्ग बालबालिकाको उत्तीर्ण अवस्था

शारीरिक अपाङ्ग बालबालिकाको शैक्षिके अवस्थामा कस्तो छ भन्ने बारेमा छनोटमा परेका विद्यालयका परीक्षाको परिणामको अभिलेख अध्ययन गरी त्यसबाट प्राप्त सूचना तथा तथ्याङ्कहरू का निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ :

तालिका १. शारीरिक अपाङ्ग बालबालिकाको शैक्षिक उपलब्धी

| क्र.सं. | विद्यालयको नाम | परीक्षामा सामेल सङ्ख्या | श्रेणीगत उत्तीर्ण सङ्ख्या | | | अनुत्तीर्ण सङ्ख्या |
|---|---|---|---|---|---|---|
| | | | प्रथम | द्वितीय | तृतीय | |
| १ | भागीरथ उ.मा.वि. | १२ | ३ | ५ | २ | २ |
| २ | पञ्चायत उ.मा.वि. | २४ | ७ | ९ | ४ | ४ |
| ३ | बालकल्याण नि.मा.वि. | ३ | - | २ | १ | - |
| ४ | सिद्धार्थ प्रा.वि. | ४ | - | १ | ३ | - |
| ५ | सुनाखरी मा.वि. | २ | - | २ | - | - |
| जम्मा | | ४५ | १० | १९ | १० | ६ |

स्रोत : विद्यालयहरूको परीक्षा अभिलेख,२०६८

माथिको तालिकाबाट, शारीरिक अपाङ्ग बालबालिकाको शैक्षिक उपलब्धीलाई हेर्दा, अलग अलग विद्यालयको अवस्था देखिएको छ । समग्रमा ४५ जना शारीरिक अपाङ्ग बालबालिकाहरू

परीक्षामा सामेल भएकामा १० जना (२२.२२%) ले प्रथम श्रेणीमा, १९ जना (४२.२२%) ले दोस्रो श्रेणीमा र १० जना (२२.२२%) ले तेस्रो श्रेणीमा उत्तीर्ण गरेको देखिन्छ । अनुत्तीर्ण हुने बालबालिका ६ जना (१३.३३%) रहेका छन् । यस तथ्याङ्कका आधारमा हेर्दा समग्रमा शारीरिक अपाङ्ग बालबालिकाहरू मध्ये ८६.६७% अपाङ्ग वालवालिकाहरू परीक्षामा सफल र १३.३३ % अपाङ्ग असफल भएका छन् ।

### ४.१.२ शारीरिक अपाङ्ग बालबालिकाको औशत सिकाइ उपलब्धी प्रवृत्ति

शारीरिक अपाङ्ग बालबालिकाहरूको गत ३ शैक्षिक वर्षको औसत उपलब्धीको अध्ययन गर्न अध्ययन क्षेत्रमा रहेका र छनोटमा परेका भागीरथ उ.मा.वि.,शनिश्चरे, सिद्धार्थ प्रा.वि. शनिश्चरे, बालकल्याण नि.मा.वि. शनिश्चरे, पञ्चायत उ.मा.वि. पथरी र सुनाखरी मा.वि. पथरीका गत ३ शैक्षिक वर्षका विद्यालयका अभिलेखमा रहेको परिक्षा परिणामलाई मागेर त्यस भित्र रहेको तथ्याङ्क मध्ये शारीरिक अपाङ्ग बालबालिकाहरूको मात्र उपलब्धी निम्नानुसार पाईयो ।उक्त तथ्याङ्कलाई तलको तालिकामा समावेश गरी व्याख्या तथा विश्लेषण गरिएको छ :

तालिका २ : शारीरिक अपाङ्ग बालबालिकाको औसत उपलब्धी तुलना

| औसत उपलब्धी (कुल पूर्णाङ्क १०० मा) | | | | |
|---|---|---|---|---|
| क.सं. | विद्यालय ↓ | शै.स. २०६६ | शै.स. २०६७ | शै.स. २०६८ |
| १ | भागीरथ उ.मा.वि. | ३८ % | ४२ % | ५४.६ % |
| २ | बालकल्याण नि.मा.वि. | ४० % | ४४.५ % | ५७ % |
| ३ | सिद्धार्थ प्रा.वि. | ३५.४६ % | ४१.२३ % | ४४ % |
| ४ | पञ्चायत उ.मा.वि. | ३८ % | ३७ % | ४०.२३ % |
| ५ | सुनाखरी मा.वि. | ३५ % | ४३ % | ३९.२६ % |

स्रोत : विद्यालयहरूको परीक्षा परिणाम अभिलेख २०६६, २०६७, २०६८

उपर्युक्त तालिकामा भएको तथ्याङ्कलाई हेर्दा सबै विद्यालयहरूमा शारीरिक अपाङ्ग बालबालिकाहरूको शैक्षिक उपलब्धी बढ्दै गएको देखिन्छ । भागीरथ उ.मा.वि.मा तीन वर्ष अघिको उपलब्धि ३८ % भएकामा अर्को वर्ष ४२ % मा बृद्धि हुँदै गत वर्षमा ५४.६ % रहेको पाइयो । अधिल्ला वर्षमा भन्दा गत वर्षको वृद्धि राम्रो रहेको छ । त्यस्तै बालकल्याण नि.मा.वि.मा पनि भागीरथको जस्तो रूपले उपलब्धिमा वृद्धि देखिन्छ । सिद्धार्थ प्रा.वि.मा

३५.४६ % बाट ४१.२३ % हुँदै ४४ % सम्म वृद्धि रहेको पाइयो । पञ्चायत उ.मा.वि.मा पहिले १% ले उपलब्धिमा ह्रास देखियो तर अर्को वर्षमा आएर ३.२३ %ले बृद्धि भएको छ । सुनाखरी मा.वि.मा शै.सं २०६६ को भन्दा शै.स. २०६७ मा थोरै घटेको देखियो ।

बृद्धिदर खासै उच्च नदेखिएता पनि यस किसिमले उपलब्धी बृद्धि हुनु अपाङ्ग बालबालिकाको उन्नतिको लक्षण हो ।

### ४.१.३ शारीरिक अपाङ्ग बालबालिकाको विद्यालयमा उपस्थिति

विद्यालयमा विद्यार्थीको उपस्थितिको नियमितता पनि सिकाई उपलब्धिकालागि महत्त्वपूर्ण कुरा हो । नियमित उपस्थिति भएमा विद्यार्थीले ज्ञान आर्जन गर्ने समय पर्याप्त पाउनुका साथै कक्षाको अन्तरक्रियामा पनि बढि सहभागी हुन पाउँछ । यसले विद्यार्थीमा व्यवहारिक सीप सिक्न तथा मानसिक, शारीरिक एवम् संवेगात्मक विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । सामान्यत एक शै.स.मा विद्यालयहरू २२० दिन खुल्नुपर्ने हो र पढाइ हुने न्यूनतम दिन १८० हो । अध्ययनमा संलग्न विद्यालयहरूमा पढाई भएको र ती विद्यालयमा शारीरिक अपाङ्ग विद्यार्थीको मात्र औसत उपस्थिति निम्न तालिकामा उल्लेख गरिएको छ ।

तालिका ३ : शारीरिक अपाङ्ग बालबालिकाको विद्यालयमा उपस्थिति (२०६८)

| क्र.सं. | विद्यालयको नाम | पढाइ भएको दिन | विद्यार्थीको औसत उपस्थिति | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|
| १ | बालकल्याण नि.मा.वि. | १८० | १२३ | ६८.३३% |
| २ | सिद्धार्थ प्रा.वि. | १९२ | १४६ | ७६.०४% |
| ३ | सुनाखरी मा.वि. | १७४ | १५३ | ८७.९३% |
| ४ | भागीरथ उ.मा.वि. | १८३ | १२९ | ७०.४९% |
| ५ | पञ्चायत उ.मा.वि. | १८१ | १२६ | ६९.६१% |
| ६ | मिलन प्रा.वि. | १९० | १५८ | ८३.१५% |

स्रोत : विद्यालयको शैक्षिक विवरण, २०६८

उपर्युक्त तथ्याङ्क अनुसार सुनाखरी मा.वि.मा केही दिन कम बाहेक अन्य सबै विद्यालय विद्यालयहरूमा नियमावली अनुसार नै पढाई हुनेगरेको पाइयो । बालकल्याण नि.मा.वि.मा १८० दिन, सिद्धार्थ प्रा.वि.मा १९२ दिन, सुनाखरी मा.वि.मा १७४ दिन र भागीरथ

उ.मा.वि.मा १८३ दिन विद्यालयमा पढाइ भएको पाइयो । शै.स. २०६८ मा सबै भन्दा धेरै दिन पढाइ भएको विद्यालय सिद्धार्थ प्रा.वि. १९२ दिन पाइयो भने सबैभन्दा कम सुनाखरी मा.वि. १७४ दिन रहेको पाइयो । विद्यार्थीको औसत उपस्थिति वालकल्याण नि.मा.वि.मा १२३ दिन, सिद्धार्थ प्रा.वि.मा १४६, सुनाखरी मा.वि.मा १५३ दिन, भागीरथ उ.मा.वि.मा १२९ दिन र मिलन प्रा.वि.मा देखियो । विद्यार्थीको औसत उपस्थिति सबै भन्दा धेर देखिएको सुनाखरी मा.वि. मा १५३ दिन (८७.९३%) हो ।

उपर्युक्त तथ्याङ्कलाई हेर्दा शारीरिक अपाङ्ग बालबालिकाहरू विद्यालय उपस्थित हुने कुरामा अगाडि नै देखिन्छन् । नियमित उपस्थितिका कारण विद्यार्थीको शैक्षिक उपलब्धिमा सकारात्मक प्रभाव पर्ने कुरा निश्चित छ ।

### ४.१.४. शारीरिक अपाङ्ग बालबालिकाको विद्यालयका अतिरिक्त क्रियाकलापमा सहभागिता

विद्यालयमा सञ्चालन हुने शिक्षण सिकाइ क्रियाकलाप अन्तरगत पाठ्यक्रम अनुसारका विभिन्न विषयवस्तुको शिक्षण सिकाई कार्यका साथै विद्यार्थीहरूको विविध पक्षको विकासका लागि अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने गरिन्छ । पाठ्यक्रमले तोकेका र विद्यालय तथा स्थानिय संघ संस्थाहरूले सञ्चालन गर्ने गरेका कतिपय अतिरिक्त क्रियाकलापहरूमा विद्यालयका बालबालिकाहरूको सहभागिता रहन्छ । यस्ता क्रियाकलापहरूमा अन्य साङ्ग बालबालिका सरह नै अवस्था र अनुकुलता अनुसार शारीरिक अपाङ्ग बालबालिकाहरूको पनि सहभागिता हुनु जरुरी रहन्छ । विविध किसिमका क्रियाकलापमा अपाङ्ग बालबालिकाहरूलाई पनि समावेश गराउँनाले उनीहरूमा अरु आत्मवल विकास भई अन्य विद्यार्थीसँग प्रतिस्पर्धामा आउन मद्दतपुग्ने कुरा निश्चित छ । त्यस्ता क्रियाकलापमा शारीरिक अपाङ्ग बालबालिकाहरूको सहभागिताको स्थिति कस्तो छ भनी अध्ययनमा छनौट भएका विद्यालयहरूका विद्यार्थी, शिक्षक र प्र.अ.लाई सोधिएका प्रश्नहरूमा प्राप्त प्रतिक्रियाको आधारमा प्राप्त तथ्याङ्क तलको तालिकामा दिइएको छ :

तालिका ४ : अतिरिक्त क्रियाकलापमा सहभागिताको अवस्था

| क.सं | क्रियाकलाप | उत्तरदाता | प्राथमिकता दिइन्छ | कहिलेकहिँ सहभागी गराइन्छ | सहभागिता नै गराइँदैन |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | हाजिरी जबाफ वतृता, वादविवाद, हिज्जे | विद्यार्थी | ८(६६.६६%) | ४ (३३.३३%) | - |
| | | शिक्षक | ४(६६.६६%) | २ (३३.३३%) | - |
| | | प्र.अ. | ४(६६.६६%) | २ (३३.३३%) | |
| २ | आउटडोर खेल (फुटवल, भलिवल, एथलेटिक्स) | विद्यार्थी | - | २ (१६.६६%) | १०(६३.३३%) |
| | | शिक्षक | - | १ (१६.६६%) | ५ (६३.३३%) |
| | | प्र.अ. | - | १ (१६.६६%) | ५ (६३.३३%) |

स्रोत : स्थलगत सर्बेक्षण,२०६९

अतिरिक्त क्रियाकलापमा सहभागिताको स्थिति बारेमा गरिएको प्रश्नमा हाजिरी जवाफ, वादविवाद, हिज्जे जस्ता बौद्धिक क्रियाकलापमा शारीरिक अपाङ्ग बालबालिकाहरू लाई प्राथमिकता दिइने गरेको देखियो । यस्ता क्रियाकलापमा प्राथमिकता दिइन्छ भन्ने विद्यार्थी, शिक्षक र प्र.अ.हरू सबै ६६.६६% रहे भने कहिलेकहीँ मात्र सहभागिता गराइन्छ भन्नेमा ३३.३३% रहेको पाईयो । त्यस्तै वाह्य खेलहरूमा त्यस्ता बालबालिकाहरूलाई प्राथमिकता नदिइने कुरा देखियो तर १६. ६६ % ले कहिले कहिँ सहभागी गराइन्छ भन्ने उत्तर दिए भने सहभागिता नै गराईन्दैन भन्ने ६३.३३% रहेका छन् ।

यसबाट देखिए अनुसार शारीरिक अपाङ्ग बालबालिकाहरूलाई पनि उनीहरूको क्षमता अनुसारका क्रियाकलापमा सहभागिता गराइदो रहेछ । यसरी अतिरिक्त क्रियाकलापमा सहभागिता गराउँदा बालबालिकाको मनोवल उच्च रहनुका साथै अन्य सवलाङ्गहरू सँग सँगै प्रतिस्पर्धामा आउनलाई प्रेरणा प्राप्त हुन्छ ।

### ४.१.५. विद्यालयमा प्रवेश पाएका शारीरिक अपाङ्ग बालबालिकाहरूको व्यक्तित्वको अवस्था

विद्यालयमा प्रबेश पाएका र नपाएका यस्ता बालबालिकाका अवस्थाका बारेमा केन्द्रीत रहि विद्यालयका अभिभावकहरूसँग जिज्ञासा राख्दा भागीरथ उ.मा.वि.का अभिभावक भन्नुहुन्छ :

> जुन विद्यार्थीहरू विद्यालय भर्ना भएर अध्ययन गर्दैछन्, उनीहरूको शैक्षिक स्तर बृद्धि हुनुका साथै चेतनाको विकास, जोस जाँगर र खुसी देखिन्छन् । उनीहरू अन्य साङ्ग बालबालिका सरह आफुहरूलाई पनि सवल र सक्षम बनाउन उत्प्रेरित हुने गरेको पाइन्छ ।चेतना र आर्थिक विपन्नताका कारणले धेरै बालबालिकाहरू अझै पनि शैक्षिक अवसरबाट वञ्चित छन् तर पनि समाजको दृष्टिकोणमा सकारात्मक विकास भएकाले पहिलेको दाँजोमा सुधारोन्मुख रहेको देखिन्छ । विद्यालयका तर्फबाट त्यस्ता विद्यार्थीको

> खोजी गरी विद्यालय भर्नागर्ने कार्यमा त्यति पहल हुन नसकिरहे तापनि वर्तमान अवस्था सन्तोषजनक नै रहेको मान्नु पर्छ ।

यसै गरी सुनाखरी मा.वि. का अभिभावकको विचार यस्तो छ :

> अपाङ्ग बालबालिकाले विद्यालय गएर अरूपनि केही आफूजस्तै विद्यार्थी साथीहरू देख्दा उनीहरू आफूलाई सामान्य मान्छे सरह ठान्छन् तर घरैमा बस्दा अरूभन्दा भिन्न व्यवहारको हुनाले अर्थात् सञ्चारको अभावले एक्लो महसुस गर्दछन् । विद्यालयमा उनीहरू खुसी हुन्छन् । विद्यालय पुऱ्याई दिन अभिभावकलाई कर गर्छन् ।

बालकल्याण नि.मा.वि.का प्र.अ. यस विषयमा भन्नुहुन्छ :

> विद्यालयमा गएर शिक्षा लिन चाहने अपाङ्ग बालबालिकाहरू प्राय धेरै भेटिन्छन् । जो जो विद्यालय गइरहेका छन् तिनीहरू अन्य व्यक्तिहरूसँग आफूलाई प्रस्तुत गर्दा धक नमानि आफू अपाङ्ग रहेको कुराले हीनताबोधमा नरही प्रस्तुत हुने गरेको पाइन्छ  तर विद्यालय जान नपाएकाहरूमा सङ्कोचको भावना, धकमान्ने, खुलेर प्रस्तुत हुन नसक्ने देखिएको छ ।

यस अध्ययनबाट विद्यालयमा प्रवेश पाएका बालबालिकामा चेतनाको विकास तथा शैक्षिक स्तर वृद्धि भई सक्षम र स्वाबलम्वी नागरिक बन्न सक्ने देखिन्छ । उनीहरूको जीवन खुशी र सुखी देखिन्छ । उनीहरूमा जोस र जाँगर देखिन्छ । उनीहरूमा निराशता, एक्लोपन, हिनताबोध, डर, तथा धकमा कमि आएको पाईन्छ । यसले गर्दा यस्ता बालबालिकाहरूको जीवन निरास हुनबाट बचाउन र समाजमा उनीहरूलाई पनि अरूसरह आत्मनिर्भर भएर जीउन सक्ने बनाउन सबैले आ-आफ्ना स्थानबाट पहल गरी अपाङ्ग बालबालिकाहरूलाई पनि विद्यालयमा लगि शिक्षा प्राप्त गर्ने अवशर प्रदान गर्नु अत्यन्त आवश्यक देखिन्छ । यसो भएमा अपाङ्ग बालबालिकाहरू पनि उनीहरूको क्षमता अनुसार समाजमा सहजरूपले स्थापित हुन सक्दछन् ।

### ४.२. शारीरिक अपाङ्ग बालबालिकाको कक्षाकोठा एवम् शैक्षिक व्यवस्थापन

विद्यालयको शैक्षिक व्यवस्थापन अन्तर्गत शिक्षणका क्रममा आउने कठिनाईहरूलाई सहजता प्रदान गर्न गरिने सम्पूर्ण कार्यहरू पर्दछन् । कक्षा कोठाको अवस्था, शैक्षिक सामग्री, शिक्षक तालिम, सेवा सुविधा, आर्थिक स्रोत तथा परिचालन आदिको उचित व्यवस्थापन गर्नसक्दा मात्र शैक्षिक व्यवस्थापनमा सुधार भएको मानिन्छ । अझ शारीरिक अपाङ्ग बालबालिकाका लागि त अन्य बालबालिकाहरूका लागि भन्दा विशेष प्रकारले कक्षा व्यवस्थापन हुनु जरुरी हुन्छ । यस्ता व्यवस्थाहरूलाई समेत शारीरिक अपाङ्ग बालबालिकाको शैक्षिक व्यवस्थापन अन्तर्गत राख्न सकिन्छ ।

### ४.२.१. कक्षाकोठाको अवस्था

बालबालिकाको अध्ययनका लागि विभिन्न भौतिक र शैक्षिक अवस्थाहरू उपयुक्त र सुविधा युक्त हुनु पर्दछ । असहज र प्रतिकुल अवस्थामा सिकाई कठिन हुन्छ । त्यस्था भौतिक अवस्थाहरू मध्ये कक्षाकोठाको अवस्था पनि एक महत्वपूर्ण पक्ष हो । अध्ययनका क्रममा अध्ययन क्षेत्रका शारीरिक अपाङ्ग बालबालिकाको कक्षाकोठा व्यवस्थापनको अवस्थाका बारेमा केन्द्रित रही विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकहरूसँग राखिएको जिज्ञासाबाट प्राप्त सूचनाका आधारमा पाइएको तथ्याङ्कलाई तलको तालिकामा राखिएको छ :

तालिका ५ : शारीरिक अपाङ्ग बालबालिकाको कक्षाकोठा व्यवस्थापनको अवस्था

| क.सं. | प्रतिक्रिया | उत्तरदाताको सङ्ख्या | | | | | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | प्र.अ. | शिक्षक | विद्यार्थी | अभिभावक | जम्मा | |
| १ | सन्तुष्ट अवस्थामा छ | ४ | ३ | ८ | १ | १६ | ५३.३३% |
| २ | पूर्ण सन्तुष्ट हुने अवस्था छैन | २ | ३ | ३ | १ | ९ | ३०.००% |
| २ | असन्तुष्ट छु | | | १ | | १ | ३.३३% |
| ४ | कक्षा कोठा अवलोकन गरेकै छैन | | | | ४ | ४ | १३.३३% |
| जम्मा | | ६ | ६ | १२ | ६ | ३० | १००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

कक्षा कोठा व्यवस्थापनको अवस्थाको सम्बन्धमा केन्द्रित भै प्र.अ. ६ जना, शिक्षक ६ जना, अभिभावक ६ जना र विद्यार्थी १२ जना गरि जम्मा ३० जनासँग जिज्ञासा राख्दा व्यवस्थापन प्रति सन्तुष्ट छु भन्नेमा १६ जना अर्थात ५३.३३%, पूर्ण सन्तुष्ट हुने अवस्था छैन भन्नेमा ९ जना (३०.००%) असन्तुष्ट छु भन्नेमा १ जना (३.३३%) र कक्षा कोठाको अवलोकन नै गरेको छैन भन्नेमा ४ जना (१३.३३%) रहेका पाइयो ।

अनुसन्धानकर्ताले अवलोकन गर्दा जम्मा ६ ओटा विद्यालयमध्ये तीन वटामा अपाङ्ग बालबालिकाका लागि कक्षामा वस्ने व्यवस्था, आवतजावतको व्यवस्था लगायतका सहजताहरू राम्रै रहेको पाइयो । ती विद्यालयका प्र.अ. शिक्षक र विद्यार्थीले पनि प्रश्नको प्रतिक्रियामा सन्तुष्ट नै रहेको वताएका छन् । अरु तीन वटा विद्यालयमा भने दूई वटामा सहजताको अवस्था तयार गर्न लागेको र एउटामा त्यस तर्फ दृष्टि नपुऱ्याएको पाइयो ।

यस अध्ययनले शारीरिक अपाङ्ग बालबालिकाको कक्षा कोठाको अवस्थालाई पूर्णरूपमा उपयुक्त रहेको देखिँदैन । समस्याको भोगी मुख्यत विद्यार्थी नै रहने हुनाले विद्यार्थीहरू बाट प्राप्त उत्तरमा सन्तुष्ट रहन सक्ने अवस्था नरहेको पाइएको छ । उक्त तथ्याङ्कबाट प्राप्त परिणामका आधारमा विश्लेषण गर्दा भईरहेका कक्षा कोठाको

व्यवस्थापनलाई शारीरिक अपाङ्‍ग बालबालिकाहरूका लागि सहज हुनसक्ने किसिमले व्यवस्थित गर्नु पर्ने कुराको पुष्टि गरेको छ ।

### ४.२.२. शौचालयमा पहुँचको अवस्था

हरेक विद्यालयको भौतिक व्यवस्थापन अन्तर्गत शौचालयको व्यवस्थापन पनि एक महत्त्वपूर्ण कुरा हो । सामान्यत विद्यालयहरूमा भएका शौचालयहरू सामान्य व्यक्तिहरूका लागि उपयुक्त किसिमका रहेका छन् । शारीरिक अपाङ्‍ग बालबालिकाहरूका लागि सहज हुने किसिमका शौचालय हुनु आवश्यक छ । अध्ययनका छनोटमा परेका विद्यालयहरूका शौचालयहरूको अवस्था शारीरिक अपाङ्‍ग बालबालिकाका लागि के कस्ता अवस्थामा छन् भनी शारीरिक अपाङ्‍ग बालबालिकासँग सोधिएका प्रश्नका उत्तरबाट प्राप्त कुरा तलको तालिकामा देखाइएको छ :

तालिका ६ : शारीरिक अपाङ्‍ग बालबालिकाका लागि विद्यालयमा शौचालयको अवस्था

| क.सं. | प्रतिक्रिया | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहज किसिमको छ | २ | १६.६६ % |
| २ | मुस्किलले प्रयोग गर्न सकिन्छ | २ | १६.६६ % |
| ३ | हाम्रो लागि उपयुक्त नै छैन | ८ | ६६.६६ % |
| ४ | शौचालय नै छैन | × | ० % |
| जम्मा | | १२ | १०० % |

स्रोत : स्थलगत सर्वेक्षण, २०६९

शौचालयको अवस्थाबारेमा १२ जना विद्यार्थीहरूमा प्रश्न राख्दा, सहज किसिमको शौचालय छ भन्नेमा २ जना अर्थात १६.६६ % , मुस्किलले प्रयोग गर्न सकिन्छ भन्नेमा २ जना अर्थात १६.६६ % र हाम्रा लागि उपयुक्त छैन भन्नेमा ८ जना अर्थात ६६.६६ % रहेका छन् ।

अवलोकनका क्रममा सबै विद्यालयमा शौचालयको अवस्था अपाङ्‍ग मैत्री भएको देखिएन । तालिकामा जुन विद्यार्थीहरूले सहज किसिमको छ भनी जवाफ दिएका छन्, ती विद्यालयको शौचालय अपाङ्‍ग बालबालिकाहरूलाई जान सहज, भित्र गएर दिशा पिसाव गर्न पनि उनीहरूको अनुकुल रहेको दिखियो । दोस्रो उत्तर प्राप्त विद्यलयका शौचालयहरूमा भित्र सम्मको पहुँचलाई सहज वनाएको तर भित्र प्रयोगको अवस्था चाहिँ अन्य बालबालिका सरह रहेको पाईएकाले उनीहरूको उत्तरमा मुस्किलले प्रयोग गर्न सकिने भन्ने पाईयो । तेस्रो उत्तर दाताका विद्यालयमा शौचालय प्रवेश देखि प्रयोगको अवस्थालाई हेर्दा विल्कुलै अपाङ्‍ग मैत्री नरहेको देखियो ।

यस कुरालाई हेर्दा अझै पनि अधिकांश विद्यालयमा अपाङ्गमैत्री शौचालय छैनन् । शौचालय नै जान नसकिने अवस्था रहँदा विद्यार्थी त्यसको विकल्पमा अन्यत्र कतै शौचालयका लागि जानुपर्ने हुन्छ । त्यसैले विद्यालय पहुँच सहज बनाउन प्रत्येक विद्यालयमा अपाङ्गहरूका लागि उपयुक्त हुने किसिमका शौचालय निर्माण गर्नु आवश्यक देखिएको छ ।

### ४.२.३ शैक्षिक सामग्री

विद्यार्थीको शिकाइलाई प्रभावकारी बनाउन विभिन्न शैक्षिक सामग्रीको नितान्त जरुरी हुन्छ । शैक्षिक सामग्रीले सहज शिक्षण हुनुका साथै विद्यार्थीहरूमा पनि सिकाइ आकर्षक र प्रभावकारी हुन्छ । अझ शारीरिक अपाङ्ग बालबालिकाकालागि त शैक्षिक सामग्री झन अपरिहार्य रहन्छ । यस अध्ययामा, अध्ययन क्षेत्रमा रहेका विद्यालयहरूमा के कस्ता शैक्षिक सामग्री छन् भनि अवलोकन गर्दा निम्न विद्यालयहरूमा निम्नानुसारका सामग्री रहेको पाईयो । उक्त सामग्रीहरूको प्रयोगको स्थिति के कस्तो अवस्थामा छ भनि अध्ययनकर्ता द्वारा प्र.अ., अभिभावक र विद्यार्थीहरूलाई सोधिएका प्रश्नका प्रतिक्रिया तलको तालिकामा समावेश छ :

तालिका ७ : विद्यालयमा उपलब्ध शैक्षिक सामग्री र तिनको उपयोगको अवस्था

| क.सं. | विद्यालय | शैक्षिक सामाग्री | प्र.अ.को प्रतिक्रिया | अभिभावकको प्रतिक्रिया | विद्यार्थीको प्रतिक्रिया |
|---|---|---|---|---|---|
| १. | पञ्चायत उच्च मा.वि. पथरी | पुस्तकालयमा पुस्तक, शब्दकोश, चार्ट, विज्ञान सामाग्री, तालिकाहरू, कम्प्युटर, अन्य श्रब्य दृष्य सामाग्री | विद्यार्थी सङ्ख्या उच्च रहेका कारण भएका सामग्री पर्याप्त त भन्न सकिन्न तर प्रयोगका लागि त्यति समस्या पर्ने गरेको चाहिँ छैन । थप सामग्री जुटाउने प्रयास छ। | विद्यालयमा गएर हेर्दा भएका सामग्रीहरूको प्रयोग राम्रै भएको पाईन्छ । बालबालिकाहरूले उक्त सामग्रीहरूबाट उपलब्धी हासिल गरेको देखिन्छ । | विद्यालयमा भएका सामाग्रीहरूको राम्ररी प्रयोग गरेर सरहरूले शिक्षण गर्नुहुन्छ । त्यसबाट हामीलाई बुझ्न सहज भएकोछ । |

| | | | | | |
|---|---|---|---|---|---|
| २. | भागीरथ उच्च मा.वि. शनिश्चरे | पुस्तकालयमा पुस्तक, शब्दकोश, चार्ट, विज्ञान सामाग्री, तालिकाहरू, कम्प्युटर, अन्य श्रब्य दृष्य सामाग्री | आवश्यकता अनुसार सम्पूर्ण सामग्री पर्याप्त जुटाउन सकिएको छैन । भएकाको राम्रो प्रयोग छ । विद्युतको समस्याले कम्प्युटरको राम्रो प्रयोग हुन सकेको छैन । | अन्य विभिन्न कुरामा विद्यालय गएर बुझ्ने गरेको भएता पनि शैक्षिक सामग्रीको स्थिति र प्रयोगको अवस्थाका वारेमा बुझ्ने गरेको छैन । | कहिले कँहि शैक्षिक सामग्रीको प्रयोग गरेर सरहरूले पढाउनु हुन्छ । त्यसबेला सिकाई रमाइलो हुन्छ । विशेष गरी विज्ञानका पाठ्यबस्तुमा सामाग्रीहरूको बढी प्रयोग हुने गरेकोछ । |
| ३. | सुनाखरी मा.वि. पथरी | पुस्तकालयमा पुस्तक, शब्दकोश, चार्ट, विज्ञान सामाग्री, तालिकाहरू, कम्प्युटर, अन्य श्रब्य दृष्य सामाग्री | विद्यार्थी सङ्ख्या उच्च रहेका कारण भएका सामग्री पर्याप्त त भन्न सकिन्न तर प्रयोगका लागि त्यति समस्या पर्ने गरेको चाहिँ छैन । अन्य थप सामग्री जुटाउने प्रयास जारी छ । | विद्यालयमा पर्याप्त सामाग्री रहेका छैनन् । भएकाको सामान्य प्रयोग गरी शिक्षण गर्ने गरेको पाईन्छ । | विद्यालयमा भएका सामाग्रीहरूको राम्ररी प्रयोग गरेर सरहरूले शिक्षण गर्नुहुन्छ । त्यसबाट हामीलाई बुझ्न सहज भएकोछ |
| ४. | बालकल्याण नि.मा.वि.शनिश्चरे | पुस्तकालयमा पुस्तक, शब्दकोश, चार्ट, विज्ञान सामाग्री, तालिकाहरू, कम्प्युटर, अन्य श्रब्य दृष्य सामग्री | सामग्री हरूको धेरै अभाव छ । जुटाउनका लागि स्रोतको खोजी गरिँदै छ । | विद्यालयमा गएर शैक्षिक सामग्रीको स्थिति र प्रयोगको अवस्थाका वारेमा बुझ्ने गरेको छैन । | शैक्षिक सामग्रीको प्रयोग गरेर सरहरूले पढाउनु हुन्छ । त्यसबेला सिकाई रमाइलो हुन्छ । |

स्रोत : स्थलगत सर्बेक्षण, २०६९

यस अध्ययनबाट पञ्चायत उच्च मा.वि. मा विद्यार्थी सङ्ख्या उच्च रहेका कारण शैक्षिक सामग्री रहेको देखिएता पनि विद्यार्थी सङ्ख्याको दाँजोमा अपुग रहेको पाईयो । भागीरथ उ.मा. वि. मा कम्प्युटरका लागि विद्युत्ले समस्या भएको देखिएको छ यसका लागि विद्युत्को वैकल्पिक स्रोत ( जेनेरेटर, इन्भर्टर वा सोलार प्यानल) को व्यवस्था भए राम्रो हुने

देखिन्छ । सुनाखरी मा.वि.मा पञ्चायत उ.मा.वि.को जस्तै अवस्था रहेको देखिन्छ भने बालकल्याण नि.मा.वि.मा सामग्रीको अभाव देखिएको छ । यहाँ सामग्री जुटाउने प्रक्रिया अपनाउने कुरा पाइयो । सबै विद्यालयहरूमा विज्ञानका सामग्री केही न केही रहेको पाईयो तर ती सामग्रीको प्रयोग गरी अध्यापन गराउन उपयुक्त किसिमको कोठा (ल्याव)को अभाव रहेको देखिएकाले विद्यालयहरूले त्यस तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### ४.२.४. विद्यालयमा उपलब्ध अन्य सुविधाहरू

शारीरिक अपाङ्ग बालबालिकाले शिक्षा प्राप्त गर्ने कुरा ज्यादै संवेदनशील र जटिल हुने हुनाले विद्यालयले उपलब्ध गराउने सेवा सुविधाले उनीहरूलाई प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यहिकुरालाई मध्यनजर गर्दै यस अध्ययन क्षेत्र भित्र परेका विद्यालयहरूबाट विद्यार्थीहरूले पाएका सेवा सुविधाहरूको अध्ययन गर्दा सबै विद्यालयमा अपाङ्ग छात्रवृत्ति उपलब्ध गराएको पाइयो । शैक्षिक सामग्रीको पनि केही सुविधा पाईयो भने पोशाक, यातायात तथा खाजा जस्ता सुविधा उपलब्ध गराएको पाईएन । उपलब्ध गराएका केही सुविधामा परीक्षामा अन्य विद्यार्थीलाई भन्दा बढी समय उपलब्ध गराएको, विद्यालय आईपुग्नुपर्ने समयमा कडाई गर्ने कुरामा छुट र अतिरिक्त क्रियाकलापमा अलग्गै प्रतियोगिता सञ्चालन गर्ने जस्ता कुराहरू छन् । यसरी उपलब्ध गराईएका अन्य सुविधा प्रति धारणा अध्ययन गर्ने क्रममा विद्यार्थी, अभिभावकसंगको अन्तर्वार्ताबाट प्राप्त प्रतिक्रिया यस प्रकार रहेको पाईयो :

तालिका ८ : विद्यालयले उपलब्ध गराएका सुविधा प्रतिको धारणा

| उत्तरदाता | प्रतिक्रिया | | | जम्मा सङ्ख्या |
|---|---|---|---|---|
| | उत्तम | ठीकै | कमजोर | |
| विद्यार्थी | ५ | ७ | × | १२ |
| अभिभावक | ३ | २ | १ | ६ |
| जम्मा | ८(४४.४४%) | ९ (५०.००%) | १ (५.५५%) | १८ (१००%) |

स्रोत : स्थलगत सर्बेक्षण, २०६९

उपर्युक्त प्रतिक्रियालाई हेर्दा विद्यालयले उपलब्ध गराएका अन्य सुबिधाप्रति अभिभावक र विद्यार्थीहरूको धारणाअनुसार उत्तम अवस्था भन्नेमा १८ जनामा ८ जना अर्थात् ४४.४४% पाईयो भने ठीकै भन्नेमा ९ जना अर्थात ५०.०% रहेको छ । कमजोर अवस्थामा रहेको भन्ने विद्यार्थी भेटिएनन् तर अभिभावक १ जना अर्थात कूल सङ्ख्याको ५.५५% रहेको पाइयो ।

यस अध्ययनबाट विद्यालयले सामान्य सेवा सुविधा उपलब्ध गराउन मात्र सकेको देखिन्छ । विद्यालयले विशेष गरी अपाङ्ग बालबालिकाहरूलाई उनीहरूका आवश्यकता

अनुसारका सुविधाहरू उपलब्ध गराइ शारीरिक अपाङ्ग वालवालिकाहरूको शैक्षिक उपलब्धी बढाउने प्रयास गरेको पाइयो । सुविधाका कारण बालबालिकाहरू विद्यालय आउन पनि प्रोत्साहित भएका देखियो र विद्यालयको पहुँचमा सहजता थपिएको देखिन्छ ।

### ४.३ शारीरिक अपाङ्ग बालबालिकाले कक्षाकोठामा सामाना गर्नुपरेका समस्याहरू

शारीरिक अपाङ्ग बालबालिकाहरू अन्य बालबालिका भन्दा धेरै कुरामा फरक र शारीरिक रूपमा कमजोर रहनु त स्वभाविकै छ । उपयुक्त वातावरण पाउँदा, शारीरिक अपाङ्ग वालवालिकाहरूको अनुकुलको व्यवस्थापनहुँदा र सोही अनुसार गरिँदा अपाङ्ग बालबालिकाहरू पनि सामान्य व्यक्तिसरहका कार्य गर्ने क्षमता वहन गर्न सक्ने देखिन्छ ।

स्वभावैले अपाङ्ग बालबालिकाहरू अन्य भन्दा फरक अवस्थामा रहने हुनाले उनीहरू प्रति गरिने व्यवहार र उनीहरूलाई कक्षा कोठामा उपलब्ध सुविधाहरू विशेष किसिमका भएनन् भने उनीहरूको सिकाई अन्य विद्यार्थीको गतिमा हुँदैन । कक्षा कोठाभित्र विभिन्न समस्याहरू झेल्नु पर्ने कारणले सिकाईमा शिथिलता पैदा हुन्छ ।

#### ४.३.१ शारीरिक अपाङ्ग बालबालिका प्रति कक्षा कोठामा साथिहरू बाट गरिने व्यवहार

कक्षाकोठामा अपाङ्ग बालबालिकाहरूलाई अन्य साथिहरूबाट गरिने व्यवहारले धेरै प्रभाव पार्दछ । साथिहरूबाट अपहेलित व्यवहार भयो भने उनीहरूमा नैरास्यता आउछ । सद्भावपूर्ण व्यवहारले सिकाइमा  उत्सुकता जगाउँदछ । विद्यालयमा, कक्षाकोठामा शारीरिक अपाङ्ग बालबालिकाले आफ्ना साथिहरूबाट बिभिन्न किसिमका व्यवहारहरू भोग्दछन् ।

उपर्युक्त विषयमा केन्द्रित रही अध्ययन क्षेत्रभित्र परेका विद्यालयका प्र.अ., शिक्षक र विद्यार्थीसँग प्रश्न गर्दा निम्नानुसारका उत्तरहरू प्राप्त भयो :

तालिका ९ : अपाङ्ग बालबालिका प्रति कक्षा कोठामा हुने व्यवहार

| उत्तरदाता | प्रतिक्रिया | | | जम्मा सङ्ख्या |
|---|---|---|---|---|
| | सद्भाव पूर्ण व्यवहार गरिन्छ | सामान्य रूपले हेरिन्छ | अपहेलित व्यवहार गरिन्छ | |
| विद्यार्थी | ८ | ४ | × | १२ |
| प्र.अ. | ६ | × | × | ६ |
| शिक्षक | ५ | १ | × | ६ |
| जम्मा | १९ (७९.१६%) | ५ (२०.८३%) | ० | २४ (१००%) |

स्रोत : स्थलगत सर्बेक्षण २०६९

शारीरिक अपाङ्ग बालबालिका प्रति कक्षा कोठामा के कस्तो व्यवहार गरिन्छ भनी राखेको जिज्ञासाको प्रतिक्रियामा १२ जना विद्यार्थी मध्ये ८ जना अर्थात ६६.६६% ले अन्य

साथिभाइ, शिक्षकहरू र विद्यालयका कर्मचारीहरूले उनीहरूलाई माया ममता दर्शाउने, बढी चासो दिने, आवश्यक सहयोगहरू पुऱ्याउने जस्ता कार्य गरी सद्भावपूर्ण व्यवहार हुन्छ भन्ने प्रतिक्रिया दिए भने ४ जना अर्थात् ३३.३३% ले त्यति विशेष सरसहयोग नपुऱ्याएता पनि कुनै वाधा अडचन नपुऱ्याइ सामान्य रूपमा हर्ने गरिन्छ भनेको पाइयो । अपहेलित व्यवहार गरिन्छ भन्ने कोही रहेनन् । त्यस्तै प्र.अ. शत प्रतिशतले राम्रो व्यवहार भएको भन्ने प्रतिक्रिया रहेको पाईयो । शिक्षकहरू ६ जनामा ५ जनाले राम्रो र १ जनाले सामान्य व्यवहार गरिने कुरा भएको प्रतिक्रिया रहेको पाईयो । समग्रमा २४ जनाबाट बुझिएको प्रतिक्रियामा १९ (७९.१६%) को प्रतिक्रिया सद्भावपूर्ण व्यवहार गरिएको भन्ने पाईयो भने ५ (२०.८३%) बाट सामान्य व्यवहार भएको भन्ने देखियो । अपहेलित व्यवहार गरिन्छ भन्ने कुरा कसैबाट पनि आएन ।

माथिको व्याख्याका आधारमा हेर्दा शारीरिक अपाङ्ग बालबालिकाहरूले कक्षा कोठामा साथिभाई तथा अन्यबाट राम्रो व्यवहार पाउने गरेको निष्कर्ष निकाल्न सकिन्छ । समाजमा तथा विद्यालयमा अपाङ्गहरू प्रतिको दृष्टिकोणमा सकारात्मक सोचको विकास भएको पाईन्छ । कोहि कसैबाट पनि अपहेलित व्यवहार गर्ने गरेको नदेखिएकाले समाजमा पहिलेको सोचमा परिवर्तन भै सकारात्मक सोचको विकास भएको पाइन्छ । यस्तै व्यवहारको विकास हुँनाले अपाङ्ग बालबालिकामा पनि हिनताबोध रहँदैन र उनीहरूमा उत्सुकताको बृद्धि हुनपुग्छ जसको फलस्वरूप त्यस्ता बालबालिकामा सिक्ने अभिरुची बढ्दछ । सिकाइ राम्रो भएपछि उपलब्धी राम्रो हातलाछ । तसर्थ शारीरिक अपाङ्ग बालबालिकाहरू पनि अन्य साङ्ग बालबालिका सरह अघि बढ्न सक्दछन् ।

### ४.३.२ शारीरिक अपाङ्ग बालबालिकाको कक्षाकोठामा बसाइ व्यवस्थापनको अवस्था

शारीरिक अपाङ्ग बालबालिकाहरू अन्य सामान्य बालबालिका जस्तो शारीरिक रूपले सक्षम नहुँने हुँदा अरूले सरह एकै प्रकारका डेस्क वेन्च, भऱ्याङ, टेवल आदीको प्रयोग गर्न असमर्थ रहन सक्दछन् । वसाईको अवस्था अप्ठेरो वा असहज हुनजाँदा शिकाई प्रक्रियामा अवरोध उत्पन्न हुन जान्छ । अध्ययन क्षेत्रका विद्यालयका शारीरिक अपाङ्ग विद्यार्थीहरूमा कक्षाको वसाई व्यवस्थापन के कस्तो छ भनी राखिएको जिज्ञासामा निम्नानुसारको प्रतिक्रिया प्राप्त भयो :

तालिका १० : शारीरिक अपाङ्ग बालबालिकाको कक्षामा वसाइको अवस्था

| क्र.सं. | प्रतिक्रिया | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहज अवस्थामा छ | २ | १६.६६% |

| | | | |
|---|---|---|---|
| २ | सहज हुने अवस्था छैन | ६ | ५०.००% |
| २ | एकदमै कठिन छ | ४ | ३३.३३% |
| जम्मा | | १२ | १००% |

स्रोत : स्थलगत सर्बेक्षण २०६९

बालबालिकाहरूलाई कक्षाकोठामा बसाइको अवस्था के कस्तो छ भन्ने जिज्ञासाको प्रतिक्रियामा अध्ययन क्षेत्रका १२ जना विद्यार्थीहरूमा राखेको जिज्ञासामा सहज अवस्था छ भन्नेमा २ जना (१६.६६%), सहज हुने अवस्था छैन भन्नेमा ६ जना ( ५०%) र एकदमै कठिन अवस्था छ भन्नेमा ४ जना ( ३३.३३%) पाईयो ।

उपर्युक्त विषयमै अध्ययन कर्ताले अध्ययन क्षेत्रका विद्यालयमा गई विद्यार्थीको वसाई अवस्थाको अवलोकन गर्दा पञ्चायत उ.मा.वि.मा अपाङ्ग बालबालिकाका लागि सजिलो सँग बस्ने व्यवस्था रहेको पाईयो । भागीरथ उ.मा.वि. र बालकल्याण नि.मा.वि.मा पर्याप्त मात्रामा सुविधाजनक वसाईको व्यवस्था गर्न नसकेको पाईयो । उक्त विद्यालयहरूमा शारीरिक अपाङ्ग बालबालिकाकाले अन्य विद्यार्थीहरूसँगै एउटै किसिमका डेस्क बेन्चमा बस्नु परेको पाइयो । विद्यालयका अनुसार त्यस प्रकारको अवस्थालाई मिलाउन आगामी बर्षमा उपयुक्त किसिमको कोठा र फर्निचरको व्यवस्थागर्ने योजना रहेको कुरा जानकारीमा आयो । अन्य विद्यालयमा शारीरिक अपाङ्ग बालबालिकाको वसाई प्रति सहजताको कुनै पनि व्यवस्था नभएको देखियो । त्यहाँ अपाङ्ग बालबालिकाहरूले पनि अन्य साङ्ग बालबालिकाहरू सँगै एउटै वनावटका साधनमा बस्नुपर्ने पाइयो ।

कक्षा कोठामा बसाईको अवस्था के कस्तो छ भनी  यस प्रतिक्रिया बाट देखिए अनुसार शारीरिक अपाङ्ग बालबालिकाको लागि कक्षा कोठाको वसाई व्यवस्थामा पूर्णतया सुधार भएको पाइएन । वसाई व्यवस्थामै असहजता भएपछि विद्यार्थीको सिकाई उपलब्धीको सन्तोषजनक देखिएन । अपाङ्ग बालबालिकाहरूलाई उनीहरूको अपाङ्गताको अवस्था अनुसारको सहज रूपले वस्ने र कक्षा कार्य गर्न सक्ने किसिमको व्यवस्था सम्बन्धित विद्यालयका तर्फबाट मिलाउनु आवश्यक देखिन्छ ।

### ४.३.३. शिक्षण शिकाइका बेला आउने समस्याहरू

कक्षाकोठा भित्र सिकाइको दौरानमा के कस्ता समस्याहरू भोग्नु पर्छ भनी शारीरिक अपाङ्ग बालबालिकालाई सोधिएका प्रश्नका उत्तरमा विभिन्न विद्यालयका सम्बन्धित विद्यार्थीहरूले निम्नानुसारका प्रतिक्रिया दिए ।

यस सन्दर्भमा भागीरथ उ.मा.वि.का विद्यार्थी भन्छन् :

> अन्य साथिहरूसँगै बसेर पढ्नुपर्छ, लेख्नलाई अप्ठेरो हुन्छ । अगाडिका साथिले छेलिएर शिक्षकले कालोपाटीमा लेखेको हेर्न गाह्रो पर्दछ । सबै डेस्क बेन्च आफ्नोलागि बस्न सहज हुने किसिमका हुँदैनन् । डेक्स बेन्चमा पस्न र त्यहाँबाट निस्कन अरु साथिहरू जस्तो सजिलै सकिँदैन । कतिपय अवस्थामा साथिहरूको सहायता लिएर मात्र कामहरू गर्नुपर्ने हुन्छ । विद्यार्थी सङ्ख्या धेरै भएर एउटै वेन्चमा खाँदिएर वस्नु पर्ने भएकाले कक्षा कार्यगर्न पनि कठीन हुने गरेको छ । शारीरिक अपाङ्ग विद्यार्थीका लागि छुट्टै प्रकारका फर्निचरको व्यवस्था गरिदिए राम्रो हुन्छ ।

यसै सवालमा सिद्धार्थ प्रा.वि.का विद्यार्थीको भनाई अनुसार :

> शिक्षणका क्रममा शिक्षकले शैक्षिक सामग्री प्रयोग गर्नलगाउँदा अरु साथिहरू सामग्री प्रयोगमा सहजै सहभागि हुन्छन् । म खालि हेर्न मात्र पाउँछु । मेरो अवस्थाका कारण सबै किसिमका सामग्रीको प्रयोगात्मक कार्य गर्न गाह्रो पर्दछ । मलाई उपयोग हुने किसिमका सामग्री उपलब्ध भए म पनि प्रयोगात्मक कार्यमा सहजै संलग्न हुन सक्ने थिएँ । कतिपय अवस्थामा शिक्षक खेलद्वारा शिक्षण गर्नुहुन्छ, त्यसमा म सहभागी हुन सक्दिन खाली अन्य साथिहरूको सहभागितालाई हेर्नुमात्र पर्दछ । त्यसबेला मलाई केही खिन्नता महसुस हुन्छ ।

सुनाखरी मा.वि.का शारीरिक अपाङ्ग बालकका अनुसार :

> आफ्नो शारीरिक अवस्थाले गर्दा कक्षा भित्रका सम्पूर्ण क्रियाकलापमा पूर्णरूपले सहभागी हुन अप्ठेरो हुन्छ । कैयौं प्रयोगात्मक क्रियाकलापमा अरु साथि वा शिक्षकको सहयोग जरुरत पर्दछ । अन्य साथिहरूले सहज ढङ्गले त्यस्ता कार्य गरेको देख्दा आफूलाई पनि गर्न इच्छा त हुन्छ तर आफ्नो अवस्थाको कारणले त्यसरी सहज ढङ्गले सबै क्रियाकलापमा सहभागिहुन सकिँदैन ।

भागीरथ उ.मा.वि.का बालकको भनाइबाट शारीरिक अपाङ्ग बालबालिका अरु साथि सरहनै विभिन्न क्रियाकलापमा संलग्न हुन नसक्ने समस्यामा छन् । बसाई कक्षाको बीचमा वा पछाडि हुन जाँदा अगाडिका विद्यार्थीद्वारा त्यस्ता बालबालिकालाई शिक्षकसँगको अन्तरक्रिया, कालोपाटीमा देख्न जस्ता असहजता रहेको पाइयो । अपाङ्ग बालबालिकालाई छुट्टै बेन्चमा कक्षाको अगाडि तर्फ राखेको देखिएन ।

सिद्धार्थ प्रा.वि. र सुनाखरी मा.वि.का विद्यार्थीको भनाईबाट शारीरिक अपाङ्ग बालबालिकाले सबै किसिमका शैक्षिक सामग्री प्रयोग गर्न असमर्थ रहने भएकाले त्यस्ता सामग्रीहरू विद्यार्थीलाई प्रयोग गराई रहँदा शारीरिक अपाङ्ग बालबालिकालाई शिक्षक स्वयम् साथ लागेर प्रयोग विधिहरू सिकाउनुपर्ने देखिन्छ । उनीहरूमा प्रयोगात्मक कार्यका कारण नैरास्यता आउन नदिन शिक्षकद्वारा आत्मबल बढाउने, प्रोत्साहित गर्ने, ढाढस दिने जस्ता कार्य

गरी अपाङ्ग बालबालिकालाई सँधै खुसि राख्ने प्रयास गरिरहनु पर्ने देखिन्छ । अन्य विद्यार्थीहरूलाई गराइने क्रियाकलापमा अपाङ्ग बालबालिकाको पूर्ण सहभागीता हुन नसक्दा उनीहरूका लागि सुहाउँदो, उनीहरूले गर्नसक्ने किसिमका उपयुक्त र  सान्दर्भिक क्रियाकलापको विकास गरी सोही बमोजिमका शैक्षिक सामग्रीहरू खोज्ने, उपयोगमा ल्याउने कार्यका लागि शिक्षक, प्र.अ. र व्यवस्थापन पक्षले हरबखत प्रयास गरेको पाइएन । सबै किसिमका बालबालिकाहरूमा समानरूपले सिकाईको वातावरण तयार गरिएको देखिएन । सामग्रीको पहुँचमा सबैको समान अवस्था रहने किसिमले व्यवस्था गरिएको देखिएन ।

### ४.३.४. शारीरिक अपाङ्ग बालबालिकाका शैक्षिक समस्याका कारणहरू

अपाङ्ग बालबालिकाहरूलाई उपयुक्त शिक्षा प्रदान गर्न आवश्यक वातावरणको निर्माण गर्ने जिम्मेवारी वहन गर्ने निकायहरू मध्ये प्रमुख दायित्व बोकेको निकाय राज्य नै हो । त्यस्तो भएता पनि राज्य पक्षबाट यस्ता बालबालिकाकालागि पर्याप्त सहयोग नहुनाले थुप्रै समस्याहरू रहन गएका छन् । अपाङ्ग बालबालिकाको शैक्षिक समस्याका कारणहरू के हुन सक्छन् भनि प्र.अ., शिक्षक र अभिभावकहरू सँग सोधिएका प्रश्नको प्रतिक्रियामा निम्नानुसारको उत्तर प्राप्त भयो :

भागीरथ उच्च मा.वि.का प्राचार्यका अनुसार

> सामाजिक दृष्टिकोण : अभिभावक, शिक्षक र प्र.अ.का अनुसार समाजमा अझैपनि अपाङ्ग बालबालिकाको शिक्षा प्रति आम जनसमुदाय सम्बेदनशील पाईएको छैन । अपाङ्गहरूलाई यिनीहरू असक्त, पछि के गर्न सक्छन् र ? भन्ने गरिएको अवस्था छ । उनीहरूको शिक्षामा खर्च गर्नु खेरजाने दृष्टिले हेरिनाले समाजको यो दृष्टि शारीरिक अपाङ्ग बालबालिकाका लागि शैक्षिक समस्याको रूपमा रहेको पाइन्छ ।
>
> आर्थिक अभाव :  समाजमा शारीरिक अपाङ्गहरूको शिक्षा प्रति सम्बेदनशील नहुने सबै छैनन् । कैयौ व्यक्तिहरू उनीहरूको शिक्षाप्रति सकारात्मक छन् । तर चरम आर्थिक अभावका कारण उपयुक्त शिक्षाको व्यवस्था गर्न थुप्रै अभिभावकहरू असमर्थ रहेकाले शारीरिक अपाङ्ग बालबालिकाहरूमा शैक्षिक समस्या सृजनाहुन पुगेको छ ।
>
> कमजोर व्यवस्थापन : शारीरिक अपाङ्ग बालबालिकाकालागि उपयुक्त हुने वालमैत्री किसिमको भौतिक, शैक्षिक व्यवस्थापनका अभावका कारण पनि त्यस्ता बालबालिकाको शैक्षिक समस्या सृजना हुन पुगेको कुरा प्र.अ., अभिभावक र शिक्षकहरू वताउनु हुन्छ ।

अपाङ्ग बालबालिकाको शैक्षिक समस्याका कारणहरू के हुन सक्छन् भनि प्र.अ., शिक्षक र अभिभावकहरू सँग सोधिएका प्रश्नको प्रतिक्रियामा निम्नानुसारको उत्तर प्राप्त भयो :

तालिका ११ : शारीरिक अपाङ्ग बालबालिकाको शैक्षिक समस्याका प्रमुख कारणहरू

| क्र.सं. | प्रतिक्रिया | उत्तरदाताको सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सामाजिक दृष्टिकोण | ४ | २२.२२ % |
| २ | आर्थिक अभाव | ९ | ५०.०० % |
| ३ | कमजोर व्यवस्थापन | ५ | २७.७७ % |
| जम्मा | | १८ | १०० % |

स्थलगत सर्वेक्षण, २०६९

शारीरिक अपाङ्ग बालबालिकाको शैक्षिक समस्याका प्रमुख कारकका सम्बन्धमा प्र.अ. ६ जना, शिक्षक ६ जना र अभिभावक ६ जना सँग जिज्ञासा राख्दा, सामाजिक दृष्टिकोणलाई प्रमुख समस्या ठान्ने ४ जना (२२.२२%), आर्थिक अभावलाई प्रमुख समस्या ठान्ने ९ जना (५०%) र कमजोर व्यवस्थापन भन्नेमा ५ जना (२७.७७%) पाइयो ।

यस अध्ययनले शारीरिक अपाङ्ग बालबालिकाहरूको शैक्षिक समस्याको रूपमा सामाजिक दृष्टिकोण र आर्थिक अभाव मूख्य कारण देखिएको छ भने कमजोर व्यवस्थापन पनि केहि जिम्मेवारी रहेको देखिन्छ । आर्थिक अभावका कारण शैक्षिक व्यवस्थापनमा कमजोरी देखिएको छ । जुन परिवार आर्थिक रूपले कमजोर छ त्यसैमा अपाङ्गता रहनु त झनै विडम्बना वन्न पुग्दछ । उनीहरूले समाज, परिवारबाट समेत उपयुक्त सहयोग र सद्भाव प्राप्त गर्न सकेका छैनन । यसले गर्दा त्यस्ता पक्षकालागि राज्यले सक्षम र स्वाबलम्बी बनाउन गुणस्तरीय शिक्षा र सीपमूलक तालिमका व्यवस्था गरी सबैको पहुँच पुऱ्याउनमा कार्य भएको पाइएन ।

### ४.३.५. विद्यालयसँगसम्बन्धित समस्याका कारणहरू

यस अनुसन्धानकार्यमा अध्ययन क्षेत्रका प्र.अ., शिक्षक एवम् विद्यार्थीहरू सँगको अन्तर्वार्ता र छलफलबाट विद्यालयसँग सम्बन्धित विभिन्न समस्याहरूका बारेमा निम्नानुसारका अभिव्यक्तिहरू प्राप्त भएका छन् :

विद्यालयका भौतिक तथा शैक्षिक समस्याहरूको सहि ढङ्गले पहिचान गर्न सकेको देखिदैन । समुदायमा रहेका शारीरिक अपाङ्ग बालबालिकाको पूर्ण तथ्याङ्क विद्यालयले अभिलेख राखेको पाइएन । समस्याहरूको समाधानका लागि विकल्पहरूको खोजीगर्ने क्षमतामा कमी भएको देखिन्छ । सबै विद्यालयहरूमा आवश्यकीय र उपयुक्त आन्तरिक स्रोतको कमी

रहनाले पनि शारीरिक अपाङ्ग बालबालिकाको शैक्षिक समस्या सृजना भएको पाइयो । विद्यालयहरूमा राजनैतिक प्रभावबाट खिचातानी रहेको देखियो ।

विद्यालय व्य.स. तथा प्रशासनको सक्रियतामा पनि कमी रहेको देखिएको छ । विद्यालयको भौतिक सम्पतिको सुरक्षाका लागि प्रभावकारी नीति नियम बनाएर कार्यान्वयन गर्न सकेको पाइएन । स्थानिय जनसहभागितामा सन्तोषजनक अवस्था पाइएन ।

### ४.३.६. समुदायसँग सम्बन्धित समस्याहरू

यस अनुसन्धानकार्यमा अध्ययन क्षेत्रका शिक्षक, अभिभावक र विद्यार्थीसँगको अन्तर्वार्ता र छलफलबाट समुदायसँग सम्बन्धित समस्याका कारणहरू बारेमा निम्नानुसारका अभिव्यक्तिहरू प्राप्त भएका छन् :

विद्यालय प्रति समुदायको चासो कम रहेको देखियो । अपाङ्ग बालबालिकाप्रतिको व्यवहार र उनीहरूका सुबिधा प्रति उचित दृष्टि पुऱ्याउन नसक्नु तथा सरकार र अन्य दातृ निकायसँग भरपर्ने मानसिकता बढ्दै गएको छ । विद्यालयमा बारम्बार गई त्यहाँको अवस्थाको जानकारी लिने र उचीत सुझाव प्रदान गर्ने परिपाटीको विकास नहुनु र देखिएका कमी कमजोरीहरू लाई सम्बन्धित ठाउँमा गएर औंल्याउनुको साटो त्यसलाई चिया गफका रूपमा लिने प्रवृत्ती रहेको छ । शिक्षाको आवश्यकता र महत्त्वलाई राम्ररी नबुझ्नु पनि मुख्य कारण रहेको पाइन्छ ।

अपाङ्ग बालबालिकाहरूलाई पनि उचित शिक्षा दीक्षा प्रदान गरेमा अन्य सरह उनीहरूपनि सक्षम हुन्छन् भन्ने कुराको चेतनाको कमी रहनु ।

### ४.३.७. अन्य समस्याहरू

आम जनसमुदायमा शिक्षाको जिम्मेवारी महसुस हुन सकेको छैन । प्राविधिक तथा व्यवसायिक शिक्षा प्रति लगानी कम हुनु र आकर्षणसमेत कम पाइयो । सामाजिक अनुशासन, इमान्दारीता तथा जबाफदेहितामा दिनानुदिन कम भएको देखिन्छ । रोजगारीका अवशर कम हुँनाले पढेर पनि के भयो, के हुन्छ र ? भन्ने जस्ता कुराहरूले प्रश्रय पाउँदै गएको देखियो । आफ्नोपन भन्दा पनि अरुको देखासिकि गर्ने प्रवृति विकास हुनु समस्याका कारण वनेका छन् ।

## ४.४ शारीरिक अपाङ्ग बालबालिकाहरूले सामना गर्नुपरेका समस्याहरूका समाधानका उपायहरू

मानिस सामाजिक प्राणी भएकाले उ समाजमा वस्दा विभिन्न समूह, सङ्घ संस्था तथा विविध सामाजिक क्रियाकलापमा आवद्ध भएर रहन चाहन्छ । त्यहाँ उसले आफ्नो उपस्थिति अन्य सबै सदस्य सरहको जनाउन चाहन्छ । शारीरिक अपाङ्गहरू पनि समाजका सदस्य हुन् । उनीहरूलाई पनि अन्य सरह समूहमा बस्न, सँगै काम गर्न, अरू सरह व्यवहार गर्न इच्छा हुन्छ । शारीरिक अपाङ्गहरूका समस्याहरूलाई पत्तालगाई विशिष्टीकरण गर्नु पर्दछ । त्यसैका आधारमा समस्याहरूको एक एक गरी विश्लेषण गर्दै समस्या समाधानका उपायहरू प्रयोग गर्नु पर्दछ । कुनै उपाय पूर्ण सक्षम नहुँदा वैकल्पिक उपयहरूको खोजी गर्नु पर्दछ । यसरी उनीहरूको शिक्षाका लागि प्रत्येक सङ्घ संस्थासँग मानवीय, भौतिक, आर्थिक पक्षहरूको प्रवन्धकालागि उपयुक्त तरीका छनोट गरी यी पक्षहरूमा सुधार गर्न सरल र व्यवस्थित ढङ्गले पहल गर्नुपर्दछ ।

### ४.४.१ कक्षाकोठा व्यवस्थापन

विद्यार्थीहरूलाई सिकाईका लागि विभिन्न परिवेशले प्रत्यक्ष प्रभाव पारेको हुन्छ त्यसमा पनि कक्षाकोठाको व्यवस्थापन त प्रमुख हो । अन्य सामान्य बालबालिका भन्दा शारीरिक अपाङ्ग बालबालिकाकालागि त कक्षा कोठा व्यवस्थापनले अत्यन्तै प्रभाव पारेको हुन्छ । कक्षाकोठाका स-सना कुराहरूलाई उनीहरू महसुस गर्दछन् । यसले गर्दा साना त्रुटिले पनि उनीहरूमा ठूलो असर पर्छ । यसैले शारीरिक अपाङ्ग बालबालिकाको कक्षाकोठा व्यवस्थापनमा विशेष ध्यान दिइनु जरुरी हुन्छ । कक्षाकोठा सहज र अनुकुल किसिमको नभएमा शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न असहज हुन गई सिकाई पूर्ण हुँदैन ।

यस सन्दर्भमा अध्ययन क्षेत्रभित्र परेका विद्यालयका प्र.अ. ६ जना र शिक्षक ६ जना गरी जम्मा १२ जनासँग जिज्ञासा राखि शारीरिक अपाङ्ग बालबालिकाहरूको कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्या निराकरणका सम्बन्धमा प्रतिक्रिया सङ्कलन गर्ने क्रममा प्राप्त प्रतिक्रिया लाई निम्न प्रतिक्रियाहरू पाइएको छ :

शारीरिक अपाङ्ग बालबालिकाको कक्षाकोठा व्यवस्थापनमा देखिएका समस्या निराकरणकालागि प्र.अ. र शिक्षकहरू गरि जम्मा १० (८३.३३%) जनाबाट प्राप्त प्रतिक्रिया अनुसार :

शारीरिक अपाङ्ग बालबालिकाकालागि अलग्गै कक्षाकोठाको व्यवस्था गरेर शिक्षण गर्न नसकेको अवस्था छ । अन्य साङ्ग बालबालिकासँगै एउटै कक्षाकोठामा राखी शिक्षण

गर्दा सिकाईको गति असमानहुनाका कारण अपाङ्ग बालबालिकाहरू अरू भन्दा पछि पर्न गएका देखिन्छन् ।

त्यस्तै प्रतिक्रिया दिने शिक्षक र प्र.अ. मध्य ६ (५०%) जनाका अनुसार :

कक्षा कोठामा बालबालिकाको वसाई व्यवस्था गोलाकार गरेर व्यवस्था गर्दा सिकाई र शिक्षण सहज हुने कुरा प्रयोग बाट देखियो । शारीरिक अपाङ्ग बालबालिकाको सिकाईमा प्रभावकारीता ल्याउन वसाईले राम्रो प्रभाव पारेकाले सबैलाई सोहि अनुसारको वसाइ व्यवस्था गर्न योजना वनाइएको छ ।

प्रतिक्रियामा ७ (५८.३३%) जनाको धारणा निम्न पााईयो :

कक्षाकोठा फराकिलो र शैक्षिक सामग्रीको प्रयोग उपयुक्त र सहज तरीकाले गर्न सक्ने किसिमको छैत । यसरी फराकिलो कक्षाकोठामा पर्याप्त शैक्षिक सामग्रीको प्रयोग सहितको शिक्षणले सबै खाले बालबालिकामा दिगो सिकाई पुऱ्याउने उपयुक्त किसिमका कक्षा कोठा निर्माणमा लाग्नु पर्दछ ।

३ जना अर्थात २५% शिक्षक र प्र.अ.को प्रतिक्रिया :

धेरै विद्यार्थीलाई एउटै कक्षामा कोचेर राखि अध्यापन गर्नु पर्ने अवस्था छ । कक्षाकोठा अनुसार उपयुक्त विद्यार्थी सङ्ख्या निर्धारण गरी विद्यार्थी राखि अध्यापन गर्दा प्रभावकारी शिक्षण गर्न कठिनाइ परिरहेको छ ।

सङ्कलन गरिएकोमा १२ जनालाई जम्मा सङ्ख्यामानि प्रतिशत निर्धारणका आधारमा माथिका भनाइ अनुसार छुट्टै कक्षा कोठाको व्यवस्था हुनुपर्छ भन्नेमा १० जना (८३.३३%) रहेको पाईयो । त्यसैगरी गोलाकार वसाई व्यवस्था हुनुपर्छ भन्नेमा ६ जना (५०%), फराकिलो र शैक्षिक सामग्री प्रदर्शन गर्न सकिने हुनुपर्छ भन्नेमा ७ जना (५८.३३%) पाइयो । त्यसैगरी प्रशस्त शैक्षिक सामाग्रीयुक्त कोठा हुनुपर्छ भन्नेमा ११ जना (९१.६६%) रहेका देखिए भने उपयुक्त विद्यार्थी सङ्ख्या रहेको कोठा भन्नेमा ३ जना (२५%) रहेका पाइयो ।

यस तथ्याङ्क अनुसार शारीरिक अपाङ्ग बालबालिकाको कक्षाकोठा व्यवस्थापन गर्दा प्रशस्त शैक्षिक सामाग्रीयुक्त कक्षाकोठा, छुट्टै कक्षाकोठा हुनुपर्ने अनिवार्य आवश्यकताका रूपमा राखेको पाईयो । अन्य आवश्यकतालाई व्यवक्तिगत हिसावले प्राथमिकतामा राखेको पाईयो । तर उल्लेखित सबै आवश्यकताहरू सबैनै अनिवार्य रहेको कुरा नकार्न भने सकिन्न । कक्षाकोठाको उचित व्यवस्थापनमा एउटा पक्षमात्र जिम्मेवार नरहेर सबैपक्षहरू एकअर्काका परिपुरकका रूपमा रहने कुरा नकार्न सकिँदैन ।

### ४.४.२. अपाङ्ग मैत्री शिक्षाको आवश्यकता

अपाङ्ग बालबालिकाको दक्षता र क्षमतामा आधारित पाठ्यक्रम तयार गरी उनीहरूको रुची र चाहना र उनीहरूको चाहना बमोजिम बिषयवस्तुको ज्ञान दक्ष व्यक्तिबाट दिई सक्षम र स्वावलम्बी नागरीक बनाउने शिक्षा अपाङ्ग मैत्री शिक्षा हो । यस्तो शिक्षा बाट विद्यार्थीले

सिकेका कुरा सजिलै व्यवहारमा उतार्न सक्दछ । यस विषयबस्तुमा केन्द्रित भै अध्ययन क्षेत्रभित्रका शारीरिक अपाङ्ग बालबालिकाको शिक्षाका बारेमा प्र.अ. तथा शिक्षकहरूको बिचार बुझ्दा अधिकांश बाट त्यस्ता बालबालिकाहरूलाई उनीहरूको क्षमता, रुची अनुसार सिपमूलक तथा प्राविधिक शिक्षा दिनुपर्छ भन्ने कुरामा जोड दिएको पाईयो । सिपमूलक र प्राविधिक शिक्षाबाट यस्ता बालबालिकाहरू आफैँ स्वबलम्बि र सक्षम हुन सक्छन् भन्ने रायमा प्र.अ. तथा शिक्षकहरू पूर्ण सहमत भएको पाईयो ।

यसै सन्दर्भमा भागीरथ उ.मा.वि.का प्र.अ. भन्नुहुन्छ :

> यस्ता बालबालिकाको विकासका लागि उपयुक्त पाठ्यक्रमको व्यवस्था गर्नुपर्छ । जुन सिपमूलक र प्राविधिक हुनुपर्छ । यस्तो शिक्षाले उनीहरू आफैँ जीबिकोपार्जन गर्न सक्षम हुन्छन्, आर्थिक र सामाजिक रूपमा सवल हुन्छन् । सफल जीवन विताई समाजमा पुनस्थापित हुनुका साथै स्वावलम्बी पनि बन्न पुग्दछन्।

त्यसै गरी अध्ययन क्षेत्र भित्रकै दुर्गा मा.वि.का शिक्षक भन्नुहुन्छ

> विद्यमान पाठ्यक्रमले अपाङ्ग बालबालिकालाई सामान्य शिक्षा उपलब्ध गराउन सक्षम भएको छ , साक्षर र सामान्य शिक्षालेमात्र आजको प्रतिस्पर्धि युगमा अपाङ्ग बालबालिका अन्य साङ्गहरू सँग प्रतिस्पर्धा गर्न सक्दैनन् । उनीहरूको प्रमुख कठिनाई लाई हेरेर त्यस अनुरूप सहज र सरल तरीकाले सिपमुलक शिक्षा उपलब्ध गराउनु आवश्यक छ । यस्तो शिक्षा प्राप्त गर्न सकेमात्र अपाङ्ग बालबालिकाहरू भोली समाजमा आफ्नो जीवन जीउन सक्षम हुनेछन् ।

सिद्धार्थ प्रा.वि.का प्र.अ.का अनुसार :

> शारीरिक अपाङ्ग बालबालिकाहरूलाई प्रदान गरिने शिक्षा सामान्य शिक्षा भन्दा केही फरक हुनु पर्दछ । फरकको अर्थ त्यस्ता बालबालिकाले आफूले आर्जन गरेको शिक्षाबाट शीप सिकि त्यसका मद्दतले भोलीका दिनमा जीउन सहज होस् । जुन शीपहरू अपाङ्गताको प्रकृति अनुसार फरक फरक हुन सक्दछन् । मेरो रायमा त्यसैलाइ अपाङ्ग मैत्री शिक्षा मान्दछु ।

शिक्षकहरू तथा प्र.अ.हरूका समग्र विचारमा अपाङ्ग बालबालिकालाई हाल दिइरहेको शिक्षा पूर्ण उपयोगी सावित नभएको देखिन्छ । उनीहरूको विकासका लागि विशेष किसिमको सीपमूलक र प्राविधिक शिक्षा दिने पाठ्यक्रम तयार गरी दक्ष व्यक्तिबाट शिक्षण गराईनु पर्दछ । साङ्गहरू सँगै राखेर एकै किसिमको शिक्षा दिनु भन्दा छुट्टै अध्ययन अध्यापनको व्यवस्था गरी विशेष शिक्षा दिनु जरुरी रहेको कुरामा जोड दिएको पाईन्छ । अपाङ्ग बालबालिकाका अभिभावकहरूमा उनीहरूको दायित्त्वबोध गराउन पहल गरिनु पर्छ । यस्ता बालबालिकाहरूलार्य साथीहरूबाट सहयोग गर्न प्रेरित गर्ने । अन्य बालबालिकाहरूलाई जस्तै अपाङ्ग बालबालिकाहरू लाई पनि अतिरिक्त क्रियाकलापमा सहभागी गराउने । कक्षा कोठा लगायत सबै सार्वजनिक स्थानहरूमा उनीहरूलाई सम्मानजनक र सुबिधा युक्त बातावरणको निर्माण गरिनु पर्ने कुरामा जोड दिइएको पाँईन्छ ।

समग्रमा यस्ताकुराहरूलाई जिम्मेवार सबैपक्षले आत्मसात गरी आ-आफ्ना स्थानबाट कार्यान्वयन गर्नेतर्फ राज्यलाई सक्रिय गराउन सहयोग गर्नु पर्छ। हामी सबैको सहयोगले उनीहरूको जीवन सफल, सक्षम र उन्नत बनाई उज्वल भबिष्य निर्माणमा सहयोग पुग्दछ।

# परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

शारीरिक अपाङ्ग बालबालिकाको विद्यालय शिक्षामा पहुँच नामक शोधकार्यमा नमूना छनोटमा परेका विद्यालयका प्र.अ., शिक्षक, अभिभावक र विद्यार्थीहरूसँगको प्रश्नावली, अन्तर्वार्ताहरूबाट प्राप्त विवरण, विद्यालयका अभिलेखहरू आदिको विश्लेषणबाट निम्नानुसार प्राप्तिहरू भएका छन् :

शारीरिक अपाङ्ग बालबालिकाको विद्यालय शिक्षामा पहुँचको अवस्थाको अध्ययन गर्ने क्रममा शिक्षालाई प्रभावपार्ने विविध पक्षहरूको अध्ययन गरिएको छ । उनीहरूको शैक्षिक उपलब्धी सम्बन्धमा प्राप्त तथ्याङ्क अनुसार ८६.६७ % शारीरिक अपाङ्ग बालबालिका परीक्षमा सफल र १३.३३ % असफल भएको पाइयो । यस अध्ययनले उनीहरूको शैक्षिक अवस्था सुधार हुँदै गएको पाईयो । उनीहरूको शैक्षिक सिकाइ उपलब्धी तुलना गर्दा शै.स. २०६६, २०६७ र २०६८ मा छनौटमा रहेका सबै विद्यालयमा क्रमशः बढ्दै गएको देखियो । ती विद्यालयहरूमा अपाङ्ग बालबालिकाको उपस्थिति प्रतिशत उच्च रहेको पाइयो । त्यस्तै त्यस्ता विद्यार्थीको अतिरिक्त क्रियाकलापमा सहभागीता भने मध्यम रहेको देखिन्छ ।

अध्ययन क्षेत्र भित्रका विद्यालयमा शारीरिक अपाङ्ग बालबालिकाको कक्षाकोठा व्यवस्थापनको अवस्थाको अध्ययनबाट प्राप्त तथ्याङ्क अनुसार कक्षाकोठा व्यवस्थापन प्रति सन्तुष्ट हुनेमा ५३.३३% र सहज अवस्था छैन भन्नेमा ३०.००% तथा सुधार गर्नुपर्नेछ भन्नेमा ३.३३% रहेको पाईयो । यस आँकडा बाट हेर्दा शारीरिक अपाङ्ग बालबालिकाको कक्षाकोठाको व्यवस्थापनमा सुधारगर्नु पर्ने देखिन्छ । विद्यालयमा उपलब्ध शैक्षिक सामग्रीहरूलाई हेर्दा सबै विद्यालयमा पर्याप्त सामग्री नरहेको र भएकालाई पनि उपयुक्त प्रयोगको अवस्थामा नल्याएको देखिएकोछ । कम्प्युटर भएका विद्यालयमा पनि विद्युतको नियमितताका कारण राम्ररी प्रयोगमा आउन नसकेको देखिएकोले विद्युतका वैकल्पिक स्रोतको व्यवस्था गर्नुपर्ने आवश्यकता देखिएको छ । शारीरिक अपाङ्ग बालबालिकाकालागि शौचालयको सहजता सम्बन्धमा, सहज अवस्थामा रहेको भन्नेमा १६.६६%, मुस्किलले प्रयोग गर्न सकिन्छ भन्नेमा १६.६६% र उपयुक्त अवस्थामा छैन भन्नेमा ६६.६६% पाइएको छ । विद्यालयले उपलब्ध गराएका सेवा सुविधा प्रतिको अध्ययनमा उत्तम रहनेमा ४४.४४ %, ठीकठीकै छ मा ५० % र कमजोर रहनेमा ५.५५ % देखिएकोले उपलब्ध सेवामा विस्तार एवम् सुधार गर्नुपने देखिएकोछ । विद्यालयले शारीरिक अपाङ्ग बालबालिकालाई केही विशेष सेवा सुबिधाहरू पुऱ्याउन सकेमात्र पनि विद्यार्थीको

उपलब्धीमा राम्रो प्रभाव पर्ने हुन्छ तर यसकुरामा विद्यालयहरूले त्यति गम्भिर चासो राखेको देखिएन ।

शारीरिक अपाङ्ग बालबालिकाहरूले सामना गर्नुपरेका समस्याहरूको अध्ययनका क्रममा, साथिहरू बाट गरिने व्यवहार प्रतिको अध्ययनमा सद्भावपूर्ण व्यवहार गरिन्छ भन्ने कुरा देखिनु राम्रो पक्ष रहेकोछ । अपाङ्गहरूलाई गरिने व्यवहार राम्रो भएमा उनीहरूको आत्मवल बृद्धि भै अरू सरह शैक्षिक उपलब्धि हासिल गर्न सक्षम हुन्छन् । तर कक्षा कोठामा वसाईको व्यवस्थाका बारेमा अध्ययन गर्दा, वसाई सहजरूपको नभएको पाइएको छ । अपाङ्गताको किसिम अनुसार बसाईको व्यवस्थापनलाई उपयुक्त बनाउनु पर्ने कुरा देखिन आएकोछ । शैक्षिक समस्याहरूका कारणहरूलाई अध्ययन गर्दा, त्यस्ता समस्या आउनुमा आर्थिक अवस्था नै प्रमुख कारण रहेको पाईयो । अपाङ्ग बालबालिकाको परिवारको आर्थिक अवस्था राम्रो नहुँदा बालबालिकाहरू थुप्रै सेवा सुबिधाबाट वञ्चित रहनुपर्ने देखियो । सामान्य सुबिधाहरूको अभावले पनि शैक्षिक समस्या सृजना गर्दछ । विद्यालय सँग पनि पर्याप्त आर्थिक स्रोत भएमा मात्र गुणस्तरीय सेवा उपलब्ध गराउन सक्दछ । अपाङ्ग बालबालिकाका लागि सरकारी अनुदानको छुट्टै व्यवस्था भएको नदेखिएकोले पनि शैक्षिक सामग्री र अन्य सेवा सुबिधा उपलब्ध गराउन गाह्रो भएको देखियो । आर्थिक कारण समस्याको मूल रूपमा देखिएता पनि भएको अवस्थालाई राम्ररी व्यवस्थापन गर्न नसक्नु पनि प्रमुख कारणका रूपमा देखिएको छ । अरूबाट आउने वा दातृ निकायमा भरपर्ने परिपाटी देखिएको छ । अभिभावक लगायतका अन्य सरोकारवालाहरू पनि विद्यालयमा नियमित रूपमा गई त्यहाँको अवस्था समस्याका वारेमा बुझ्ने गरेको कमै देखियो । वि.व्य.स.को सक्रियताको कमी साथै विद्यालयमा राजनैतिक खिचातानी पनि समस्याकै रूपमा रहेको पाईएकोछ । अन्य विविध समस्याहरूमा स्थानीय स्रोत र साधनको परिचालन गर्दै परिस्थितिमूलक व्यवस्थापन गर्न नसक्नु, राजनैतिक प्रभाव, इमानदारितामा कमी जस्ता समयाहरू पनि विद्यालयमा रहेको पाइयो । समुदायको विद्यालयप्रति कम चासो हुनु, शिक्षाको आवश्यकता र महत्त्व नबुझ्नु, परनिर्भरता रहनु जस्ता समुदायसँग सम्बन्धित समस्याहरू रहेको पाइयो ।

शारीरिक अपाङ्ग बालबालिकाका शैक्षिक समस्याका समाधानका उपायहरूका बारेको अध्ययनमा विभिन्न पक्षबाट प्रतिक्रिया लिने कार्य भयो । समस्याहरू कम गर्न प्रशस्त शैक्षिक सामाग्रीयुक्त कक्षाकोठाको व्यवस्था हुनु पर्छ भन्ने पाईयो भने छुट्टै कक्षाकोठाको व्यवस्था गर्नुपर्ने कुरामा समेत रहेको पाईयो । प्र.अ., शिक्षक र विद्यार्थीले उपयुक्त वसाई व्यवस्थापन

पनि समस्या समाधानको उपायका रूपमा रहेको उल्लेख गरेका छन् । शारीरिक अपाङ्ग बालबालिकालाई सामान्य शिक्षा भन्दा पनि सीपमूलक, प्राविधिक र अपाङ्गमैत्री शिक्षा दिई सक्षम र स्वावलम्बी बनाउनु पर्ने आवश्यकता रहेको पाईयो ।

## ५.२ निश्कर्ष

यस अध्ययनबाट प्राप्त निश्कर्षहरूमा, शारीरिक अपाङ्ग बालबालिका प्रति समाजको तथा परिवारको धारणा धेरै राम्रो भैसकेको तथा विद्यालय प्रवेश पाएका बालबालिकामा धेरै सक्षम र केहीगर्न सक्छु भन्ने भावना विकास भएको हुँदा शिक्षाबाट बञ्चित हरूलाई शिक्षा लिने अवसर दिलाउन सबैले आ-आफ्ना स्थानबाट पहल गर्नुपर्ने आवश्यकता रहेको देखिएको छ । यस्ता विद्यार्थीहरूले शिक्षा प्राप्त गर्ने र उनीहरूलाई शिक्षण गर्ने कार्य पनि अन्यको तुलनामा अरू बढी परिस्कृत हुनु पर्ने हुन्छ । यस्ता विद्यार्थीलाई शिक्षण गर्दा उनीहरूको अवस्था अनुसार अनुकुल बातावरण तयार गरी उनीहरूका आवश्यकता र चाहना वमोजिम शिक्षण गरिनु पर्दछ । समाज, साथिभाई, शिक्षक र अन्यबाट गरिने व्यवहारले अपाङ्ग बालबालिकालाई बढी संवेदनशिलता पैदा हुने हुँदा, सबैले गर्ने व्यवहार शीष्ट, प्रोत्साहित र सहयोगात्मक हुनुपर्ने देखिन्छ । कक्षा शिक्षणमा अन्य विद्यार्थी अनुसार नै शिक्षण गर्नु भन्दा उनीहरूलाई बिशेष किसिमले शिक्षणगर्नु उपयुक्त रहेको देखियो । सम्भव भए अलग्गै कक्षाकोठाको व्यवस्था गर्नु पर्ने हुन्छ । यस्ता अपाङ्ग बालबालिकाहरूलाई जीवनोपयोगी र सिपमूलक शिक्षा प्रदानगरी उनीहरू लाई सक्षम र आत्मनिर्भर हुने वनाउनु पर्ने कुरा आवश्यक रहेको निश्कर्ष निकालिएको छ । यसका लागि सरकारले उपयुक्त पाठ्यक्रम निर्माण गरी शिपमूलक र गुणस्तरीय शिक्षा दिइनु जरुरी छ । जसका कारण उनीहरूलाई स्वरोजगारको अवसर प्रदान गर्न सकिन्छ । सरकारद्वारा नीति निर्माण तथा पाठ्यक्रम निर्माणमा स्थानीय तहबाट परामर्श लिई निर्णय गर्नुपर्ने हुन्छ । मुल जिम्मेवारी सरकारको रहेता पनि कार्यान्वयनको जिम्मेवारी, अनुगमन जस्ताकुराहरू स्थानीय तहमा दिइँदा प्रभावकारीता आउने निश्कर्ष निकालिएको छ । स्थानीय तह र अन्य सरोकार पक्षले सरकारको मात्र मुख नताकि सम्बन्धित सबै एकजुट भएर अपाङ्ग बालबालिकाको समुन्नतिका लागि पहल गर्नु पर्दछ । अपाङ्गता विकास अभियानलाई आफ्नै ठाउँ वा स्थानीय तहबाट उठाइ आवश्यक व्यवस्थाहरू मिलाउनु पर्छ भन्ने निश्कर्ष निकालिएको छ ।

### ५.३ सुझाव

शारीरिक अपाङ्ग बालबालिकाको विद्यालय शिक्षामा पहुँच नामक यस शोधकार्यमा अन्तर्वार्ता, अवलोकन, छलफल तथा अन्तर्क्रियाबाट प्राप्त तथ्य तथा तथ्याङ्कको विश्लेषण र निष्कर्षबाट विद्यालयको व्यवस्थापन, क्षमता, समुदायको चासो, सरकारी निकायको भूमिका आदि पक्षमा केही समस्याहरू पनि देखिएका छन् । ती छलफल, अन्तर्क्रिया, अन्तर्वार्ता आदिका आधारमा ती समस्याहरूको समाधानका लाति निम्न सुझावहरू प्रस्तुत गरिएको छ ।

#### ५.३.१. नीतिगत तहका लागि

अपाङ्ग बालबालिकालाई पढाउनु पर्छ भन्ने ज्ञान र चेतना नभएका समुदायमा सरकारी तवरबाट चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने हुन्छ । यथार्थ, वस्तुगत र वास्तविक समस्या पहिचान गरेर ती समस्याहरू समाधानका लागि कार्यन्वयन गर्न सकिने योजना निर्माण गरी कार्य सञ्चालन गर्नु पर्दछ । विद्यालयको अभिलेख व्यवस्थापन तथा सूचना प्रणलीलाई व्यवस्थित र प्रभावकारी वनाउन त्यस सम्बन्धी तालिमको व्यवस्था मिलाउनु पर्दछ । प्रभावकारी र कुशल व्यवस्थापनका लागि व्यवस्थापन समिति र प्रधानाध्यापक तथा प्रशाशनिक कर्मचारीलाई प्रभावकारी रूपमा व्यवस्थापकीय तालिमको पर्याप्त व्यवस्था मिलाउनु पर्दछ । राजनैतिक हस्तक्षेप कमगर्नका लागि प्रभावकारी नीति नियमहरू तयार गरी कार्यन्वयन गर्नु पर्दछ । विद्यालयलाई व्यवस्थापनमा आत्म निर्भर बनाउनका लागि जनसहभागितालाई जोडदिने, शिक्षक अभिभावक बीचको सम्बन्ध बढाउने जस्ता कार्यक्रम समावेश भएका सरकारी नीति तथा कार्यक्रमहरू बनाएर प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ । अपाङ्ग बालबालिकाहरू प्राय आर्थिकरूपमा कमजोर भएका कारण सिपमूलक र प्राविधिक शिक्षा वा अर्थोपार्जन गरी जिविका चलाउन सक्ने किसिमको शिक्षामा बढी आकर्षण हुने हुँदा त्यसै किसिमको पाठ्यक्रम विकास गरी लागु गरिनु पर्दछ । सरकारी निकायबाट विभिन्न शैक्षिक कार्यक्रमहरू ल्याउँदा तथा शैक्षिक नीति निर्माण कार्यमा स्थानीय तहलाई समावेश गर्नुपर्ने वा स्थानीय सामाजिक संघ/संस्था तथा अभिभावकहरूलाई समेत संलग्न गराई कार्यक्रम तय गर्नु पर्दछ ।

#### ५.३.२. अभ्यास तहकालागि

शारीरिक अपाङ्ग बालबालिकाको शैक्षिक अवस्थामा अरु उच्चता प्राप्त गर्न विद्यालयहरूले उनीहरूलाई शारीरिक अवस्था सुहाउँदो, सहजहुने किसिमको व्यवस्थापकिय वातावरण तयार गर्नु पर्दछ । विद्यालय तथा समुदायमा विभिन्न चेतनामूलक कार्यक्रम

सञ्चालन गरी अपाङ्गहरू प्रतिको दृष्टिकोण सकारात्मक वनाउने प्रयास गरिनु पर्दछ । कक्षाकोठामा उचित वसाई, पसाईको व्यवस्था गरिनु पर्दछ । साथिभाईहरू बाट अपाङ्ग बालबालिकालाई सहयोग गर्ने कार्यमा उत्प्रेरणा जगाउनु पर्दछ । प्र.अ., शिक्षक र अभिभावकले अपाङ्ग बालबालिकाको शैक्षिक उन्नतीकालागि अरुलाई  बढी ध्यान पुऱ्याउनु पर्छ । विभिन्न कारणले विद्यालय नआइरहेका शारीरिक अपाङ्ग बालबालिककालाई विद्यालयको पहुँचमा ल्याउन चेतनामूलक कायैक्रमहरू, प्रोत्साहनको व्यवस्था जस्ता कार्यक्रमहरू तय गरी लागुगर्नु पर्दछ । समय समयमा शिक्षक अभिभावकबीच अन्तर्किया कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ ।

### ५.३.३. अनुसन्धान तहकालागि

शारीरिक अपाङ्ग बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच विषयक यस अनुसन्धानमा भए देखिएका र प्राप्त तथ्याङ्कका आधारमा गरिएका विश्लेषणहरू सिमित क्षेत्र, समय र उद्देश्यलाई समेटेर गरिएकाले आफैंमा पूर्ण नहुँन सक्दछ । यस अध्ययनले देखाएका महत्वपूर्ण पक्षहरूलाई समेट्दै यसमा अपुग वा छुट्न गएका कतिपय विषय वस्तुलाई कुनै पनि अन्य अनुसन्धानकर्ताले पुन उत्थान गर्न सक्नु हुनेछ । यस अध्ययनबाट प्राप्ते विषय तथा यस सँग सम्बन्धित विषयबस्तुमा अध्ययन गर्न चाहने व्यक्ति वा समुहले यस अध्ययनलाई उपयोग गरी अझ विस्तृत र प्रभावकारी अध्ययन गर्न सकिने छ । विभिन्न विषयवस्तुमा प्राप्त तथ्याङ्कहरूलाई द्वितिय तथ्याङ्कका रूपमा उपयोग गर्न सकिनेछ ।

# सन्दभसूची


अधिकारी, किसानप्रसाद (२०६२), *शारीरिक अपाङ्गहरूको शिक्षा तथा रोजगार व्यवस्थापन,* अप्रकाशित शोधपत्र, स्नातकोत्तर तह, त्रि.वि. शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, किर्तीपुर ।

काफ्ले, वासुदेव र अन्य (२०६०),*शैक्षिक योजना* , काठमाडौं : भूडीपूराण प्रकाशन ।

के.सी., फत्तवहादुर (२०६३), *व्यवस्थापनको सिद्धान्त,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार

कोइराला, विश्वनाथ र श्रेष्ठ, चन्द्रबहादुर (२०६३), *शैक्षिक व्यवव्स्थापन र संगठनात्मक व्यवहार,* काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

डि.एच.आर.सी. नेपाल (२००६), *अपाङ्गता भएका व्यक्तिहरूअधिकार सम्बन्धि महासन्धि र स्वेच्छिक प्रोटोकल,* काठमाडौं : नेपाल अपाङ्ग मानव अधिकार केन्द्र ।

तिमिल्सिना, विनोदखण्ड (२०६४), *शिक्षाका आधारहरू,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

नेपाल सरकार राष्ट्रिय योजना आयोग (२०६४), *तीन वर्षीय अन्तरीम योजना* (२०६४/६५-०६६/६७) काठमाण्डौं : लेखक ।

नेपाल सरकार (२०३९),*अपाङ्ग संरक्षण तथा कल्याण ऐन* काठमाण्डौं : लेखक

नेपाल सरकार (२०५६) *नेपाल राजपत्र भाग-३* (२०५६/९/५) खण्ड ४९, सङ्ख्या ३५, काठमाण्डौं : लेखक ।

नेपाल सरकार (१९९७) *आधारभूत तथा प्राथमिक शिक्षा गुरुयोजना,* काठमाण्डौं : लेखक

नेपाल सरकार (२०५१),*अपाङ्ग संरक्षण तथा कल्याण नियमावली,* काठमाण्डौं : लेखक

केन्द्रीय तथ्याङ्क विभाग (२०६९), *राष्ट्रिय जनगणना २०६८, राष्ट्रिय प्रतिवेदन ,* काठमाण्डौं : लेखक

पञ्चायत उच्च माध्यमिक विद्यालय (२०६८), *विद्यालय सुधार योजना,* पथरी, मोरङ : लेखक ।

पराजुली, मनोज (२०६४), *सामुदायिक विद्यालयको प्राथमिक तहमा छात्राहरूको सहभागिता एक अध्ययन,* कठमाण्डौं : स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न क्याम्पस ।

बालकल्याण निम्न माध्यमिक विद्यालय (२०६८), *विद्यालय सुधार योजना,* शनिश्चरे, मोरङ : लेखक ।

बुद्ध उच्च माध्यमिक विद्यालय (२०६८), *विद्यालय सुधार योजना,* शनिश्चरे, मोरङ : लेखक ।

भागीरथ उच्च माध्यमिक विद्यालय (२०६८), *विद्यालय सुधार योजना,* शनिश्चरे, मोरङ : लेखक ।

राष्ट्रिय अपाङ्ग महासंघ, नेपाल, मुखपत्र (२०६४), *रुपान्तरण,* काठमाण्डौं, महारजगञ्ज : लेखक ।

राष्ट्रिय अपाङ्ग महासंघ (२०६०), *सृजना, त्रैमासिक बर्ष ९ अङ्क २ र ३ ,*काठमाण्डौं : लेखक ।

वाग्ले, मनप्रसाद (२०६५), *शिक्षाको परिचय,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी (२०५८), *शिक्षाका आधारहरू,* काठमाडौं : एम.के. पब्लिकेसन ।

शर्मा, योजना (२०६५), *सुस्तश्रवण बालबालिकाको शिक्षामा पहुँचको स्थिति,* अप्रकाशित शोधपत्र,

स्नातकोत्तर तह, त्रि.वि. शिक्षाशास्त्र संकाय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग, सुकुना

व.क्याम्पस, इन्द्रपुर, मोरङ ।

सिद्धार्थ प्राथमिक माध्यमिक विद्यालय (२०६८), *विद्यालय सुधार योजना,* शनिश्चरे, मोरङ : लेखक ।

सि.वि.आर. (समुदायमा आधारित पुनर्स्थापना) (२०६३), *अपाङ्गता सर्वेक्षण, अध्ययन प्रतिवेदन ,*

मोरङ : लेखक

सुनाखरी माध्यमिक विद्यालय (२०६८), *विद्यालय सुधार योजना,* शनिश्चरे, मोरङ : लेखक ।

# शारीरिक अपाङ्ग बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच

## अनुसूची-१

क) अध्ययनका विद्यालयका प्र.अ.का लागि तयार गरिएको अन्तरवार्ता प्रश्नावली :

प्रअको नाम :

विद्यालय : ठेगाना :

१. तपाइको विद्यालयमा शारीरिक अपाङ्ग बालबालिकाहरू अध्ययनरत छन् ?

२. तपाइको विद्यालयको सेवा क्षेत्र भित्र शारीरिक अपाङ्ग बालबालिका के कति छन् ? कुनै तथ्याङ्क उपलब्ध छ ?

३. यस्ता विद्यार्थीहरूका लागि विद्यालयमा के कस्ता शैक्षिक र अन्य सहयोगी सामाग्रीहरू उपलब्ध छन् ?

क)

ख)

ग)

. . . . . . . .

. . . . . . . .

४. उपलब्ध शैक्षिक सामग्रीको उपयोगको स्थिति कस्तो छ ?

.. . . . . . . . . . . . . . . . . .

.. . . . . . . . . . . . . . . . . .

५. उनीहरूलाई शिक्षणका अलावा अन्य के कस्ता सुविधाहरू दिइएको छ ?

.. . . . . . . . . . . . . . . . . .

.. . . . . . . . . . . . . . . . . .

६. उनीहरूको शैक्षिक विकासकालागि कुन कुन स्रोत बाट कस्ता सहयोग प्राप्त भएका छन् ?

क)

ख)

ग)

६. कक्षा कोठा र फर्निचरहरू उनीहरूलाई उपयुक्त हुने किसिमका छन् छैनन् ?

क) सहज अवस्थाका छन्  ख) सहज हुने अवस्था छैन  ग) एकदमै कठिन छ

शैक्षिक सामग्री के के छन् र प्रयोगको अवस्था कस्तो छ।

७) शारीरिक अपाङ्ग बालबालिकाको समाजमा कस्तो स्थिति छ ?

क) पूर्णरूपमा सकारात्मक सोचको विकास भएको छ

ख) सोचमा विकास हुँदै गएको छ

ग) ठीकै छ

घ) परम्परागत सोच कायमै छ

८. यस्ता विद्यार्थी र अन्य विद्यार्थी बीचको सम्बन्ध के कस्तो पाउनु भएको छ ?

क) साथित्वपूर्ण व्यवहार छ

ख) सामान्यरुपले हेर्ने गरेको पाईन्छ

ग) अपहेलित व्यवहार गरिन्छ

९. यस्ता विद्यार्थीले यस विद्यालयबाट अध्ययन पुरा गरिसकेका छन् ? भएमा कतिले गरि सके ?

१०. हाल उनीहरू के गर्दै छन् ?

११. शारीरिक अपाङ्ग बालबालिकाका लागि कक्षा कोठाको व्यवस्थापन कस्तो हुनु पर्ला ?

क) छुट्टै कक्षाकोठाको व्यवस्छ्ज्ञ ागर्ने

ख) कक्षामा गोलाकार वसाईको व्यवस्छ्ज्ञ ागर्ने

ग) फराकिलो र शैक्षिक सामग्री प्रदर्शन गर्न सकिने

घ) प्रसस्त शैक्षिक सामग्रीयुक्त कोठा हुनुपर्ने

ङ) विद्यार्थी सङ्ख्या उपयुक्त हुनुपर्ने

१२. विद्यालयमा यस्ता विद्यार्थीको पहुँच वृद्धि गर्न के कस्ता उपाय अपनाउन सकिएला ?

१३. विद्यमान शैक्षिक व्यवस्थापनबाट उनीहरू सन्तुष्ट छन् ? छैनन् भने कुन कुन कुरामा छैनन् ?

. . . . . . . .

. . . . . . . .

१४. उनिहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न के कस्ता उपाय अवलम्बन गर्न सकिन्छ ?

. . . . . . . . .

. . . . . . . . .

१५. कस्ता विषय पढाउनु उपयुक्त हुन्छ होला ? किन ?

. . . . . . . . .

. . . . . . . . .

१६. उनिहरूले भोगी रहेका शैक्षिक  अन्य कठिनाईहरूको समाधानार्थ तपाइको के कस्तो सुझाव छ ?

. . . . . . . . .

. . . . . . . . .

१७. शारीरिक अपाङ्ग बालबालिकाको शैक्षिक स्थितिमा सुधार ल्याउन कुन पक्ष बढी जिम्मेवार हुनुपर्छ ?

क) राज्य /सरकार
ख) अपाङ्ग महासंघ
ग) स्थानिय निकाय
घ) विद्यालय/वि.व्य.स.
ङ) घरपरिवार/अभिभावक
च) विद्यार्थी स्वयम्

१८. विद्यालय आउने र गाउमै रहेका शारीरिक अपाङ्ग बालबालिकाहरू बीच यहाँले के कस्तो फरक पाउनुभयो ?

. . . . . . . . . . . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . . . . . . . . .

# शारीरिक अपाङ्ग बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच

## अनुसूची-२

क) अध्ययनका विद्यालयका शिक्षकका लागि तयार गरिएको अन्तरवार्ता प्रश्नावली :

विद्यालयको नाम :

नाम : ठेगाना :

लिङ्ग : उमेर : अध्यापनको विषय :

बिशेष तालिम प्राप्त/अप्राप्त :

१. तपाईले अध्यापन गराउने बिषय कुन हो ?

२. तपाइले अध्यापन गर्ने कक्षाहरूमा जम्मा कतिजना शारीरिक अपाङ्ग विद्यार्थी छन् ?

३. यस्ता विद्यार्थीहरूको पहुँच बढाउन विद्यालयले पहल गरेको छ ?

४. यदि छ भने कस्ता कस्ता पहल छन् ?

क)

ख)

ग)

अन्य . . . . .

५. यस्ता विद्यार्थीलाई सहज ढङ्गले बसेर पढ्ने व्यवस्था छ ?

क) सहज अवस्थाका छन् ख) सहज हुने अवस्था छैन ग) एकदमै कठिन छ

६. छैन भने कस्तो हुनु पर्ला ?:

क) छुट्टै कक्षाकोठाको व्यवस्था गर्ने

ख) कक्षामा गोलाकार वसाईको व्यवस्था गर्ने

ग) फराकिलो र शैक्षिक सामग्री प्रदर्शन गर्न सकिने

घ) प्रसस्त शैक्षिक सामग्रीयुक्त कोठा हुनुपर्ने

ङ) विद्यार्थी सङ्ख्या उपयुक्त हुनुपर्ने

७. उक्त व्यवस्था कसले मिलाउनु पर्ला ?

.. . . . . . . . . . . . . . . . . . . .

.. . . . . . . . . . . . . . . . . .

८. यस विद्यालयले उनीहरूका निम्ति अतिरिक्त आर्थीक स्रोत जुटाएको छ ?

९. छ भने कहाँ कहाँ बाट कसरी ?

.. . . . . . . . . . . . . . . . . .

.. . . . . . . . . . . . . . . . . .

१०. उनीहरूको शैक्षिक व्यवस्थापन कसरी गर्नु पर्ला ?

.. . . . . . . . . . . . . . . . . .

.. . . . . . . . . . . . . . . . . .

११. उनीहरूको व्यवस्थापनका लागि तपाईले केहि गर्नु भएको छ ?

.. . . . . . . . . . . . . . . . . .

१२. अन्य विद्यार्थी र अपाङ्ग विद्यार्थी बीच कस्तो सम्बन्ध छ ?

क) सद्भावपूर्ण व्यवहार छ

ख) सामान्य रूपले हेरिन्छ

ग) अपहेलित व्यवहार गरिन्छ

१३. अध्ययनका क्रममा उनीहरूले कस्ता कस्ता समस्या सामना गर्नुपरेको देख्नु भएको छ ?

१४. ती समस्या उत्पन्न हुनुका कारण के हुन सक्छन् ?

क) विद्यालय सँग सम्बन्धित समस्याका कारणहरू :

ख) समुदायसँग सम्बन्धित समस्याका कारणहरू

. . . . . . . .

. . . . . . . . . .

१६. यस्ता समस्य प्रति बालबालिकाको धारण कस्तो पाउनु भएको छ ?

.. . . . . . . . . . . . . . . . . .

१७. उनीहरूको शैक्षिक स्थितिमा सुधार ल्याउन के गर्नु पर्ला ?

.. . . . . . . . . . . . . . . . . .

१८. अपाङ्ग विद्यार्थीहरूको स्थितिमा सुधार ल्याउन कुन पक्ष बढी जिम्मेवार हुनु पर्छ ?

| | |
|---|---|
| क) राज्य /सरकार | ख) अपाङ्ग महासंघ |
| ग) स्थानिय निकाय | घ) विद्यालय/वि.व्य.स. |
| ङ) घरपरिवार/अभिभावक | च) विद्यार्थी स्वयम् |

## शारीरिक अपाङ्ग बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच

## अनुसूची-३

शारीरिक अपाङ्ग बालबालिकाहरूका अभिभावकहरूका लागि तयार गरिएको अन्तरवार्ता प्रश्नावली :

नाम : ठेगाना : पेशा :

छोरा/छोरीको नाम : अध्ययनरत कक्षा :

विद्यालयको नाम :

१. तपाइको वच्चामा कुनकिसिमको अपाङ्गता छ ?

२. यस्तो समस्या कहिले देखि र कसरी भएको हो ?

जन्मदै विरामी भएर दुर्घटनामा परेर

३. समाजबाट तपाईको बच्चा प्रतिको व्यवहार कस्तो पाउनु भएकोछ ?

राम्रो सामान्य नराम्रो

३. विद्यालयले तपाईको नानीलाई के के सुविधा उपलब्ध गराएको छ ?

.. . . . . . . . . . . . . . . . .

४. के तपाई ती कुरा वाट सन्तुष्ट हुनु हुन्छ ? छैन भने के कस्तो सुविधा उपलब्ध गराउनु पर्ला ?

क)

ख)

ग)

. . . . . . . .

. . . . . . . .

५. तपाईले आफ्नो नानी अध्ययन गर्ने विद्यालय र त्यसका कक्षाकोठा अवलोकन गर्नु भएको छ ?

क) छ ख) छैन

६. यदि छ भने कस्तो अवस्था पाउनु भएको छ ?

क) सहज अवस्थाका छन् ख) सहज हुने अवस्था छैन ग) एकदमै कठिन छ

७. त्यो अवस्थामा सुधार कस्तो ल्याउन सकिन्छ ?

. . . . . . . . . . .

८. सुधार कसले गर्नु पर्ला ?

| | |
|---|---|
| क) राज्य /सरकार | ख) अपाङ्ग महासंघ |
| ग) स्थानिय निकाय | घ) विद्यालय/वि.व्य.स. |
| ङ) घरपरिवार/अभिभावक | च) विद्यार्थी स्वयम् |

८. तपाइको नानीलाई तपाइ वा परिवारका अन्य सदस्यले के कस्तो सहयोग गर्नुपर्छ ?

९. तपाइको नानीका शैक्षिक समस्या के के छन् ?

. . . . . . . . .

. . . . . . . .

१०. अहिले भइरहेको शिक्षणले तपाइको नानीको भविष्य ठीकैहोला ? होइन भने कस्तो शिक्षणको व्यवस्था गर्नुपर्ला ?

११. अरु केहि भन्नु पर्ने भए के छ ?

## शारीरिक अपाङ्ग बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच

## अनुसूची - ४

क) अध्ययनका विद्यालयका शारीरिक अपाङ्ग बालबालिकाहरूका लागि तयार गरिएको प्रश्नावली :

विद्यालयको नाम : ठेगाना :

नाम : कक्षा : उमेर :

१) तिम्रो परिवारमा कति जना छौ ?

. . . . . . . . . . . . . . .

२) तिम्रो परिवारमा पढ्न लेख्न जान्ने कति जना छन् ?

. . . . . . . . . . . . . . .

३) तिमीलाई घरमा पढ्न कसले सहयोग गर्छ ?

. . . . . . . . . . . . . . .

४) तिमिले कुनै छात्रवृत्ति वा पुरस्कार केही पाएका छौ ?

. . . . . . . . . . .

५) तिमी पढ्ने कक्षाकोठाको व्यवस्थापन प्रति तिमी सहज र सन्तुष्ट छौ ?

क) सन्तुष्ट अवस्थामा छ

ख) पूर्ण सन्तुष्ट हुने अवस्था छैन

ग) असन्तुष्ट छु

६) तिम्रो विद्यालयमा भएको शौचालय प्रयोग गर्न तिम्रो लागि कस्तो अवस्थाको छ ।

क) सहज किसिमको छ ख) मुस्किलले प्रयोग गर्न सकिन्छ

ग) हाम्रो लागि उपयुक्त छैन घ) शौचालय नै छैन

७)तिमीलाई कक्षा कोठामा साथिहरूले कस्तो व्यवहार गर्छन् ?

क) सद्भावपूर्ण व्यवहार छ

ख) सामान्य रूपले हेरिन्छ

ग) अपहेलित व्यवहार गरिन्छ

८) तिम्रो समाजमा तिमी प्रति कस्तो दृष्टिकोण रहेको पाउँछौ ?

क) पूर्णरूपमा सकारात्मक सोचको विकास भएको छ

ख) सोचमा विकास हुँदै गएको छ

ग) ठीकै छ

घ) परम्परागत सोच कायमै छ

९) तिमिलाई आइपर्ने समस्याहरूका मूल कारण के हो ?

क) सामाजिक दृष्टिकोण

ख) आर्थिक अवस्था कमजारी

ग) कमजोर शैक्षिक र भौतिक व्यवस्थापन

१०) तिमिलाई पढाईमा अन्य के के समस्या भएका छन् ?

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

११) तिम्रो भन्नु अरु केही छ कि ?

. . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .

# शारीरिक अपाङ्ग बालबालिकाहरूको शिक्षामा विद्यालय पहुँच

## विद्यालय सर्बेक्षण फारम

## अनुसूची - ५

विद्यालयको नाम : ठेगाना :

१. विद्यार्थी विवरण :

जम्मा विद्यार्थी : छात्र संख्या : छात्रा संख्या :

जम्मा अपाङ्ग विद्यार्थी : छात्र संख्या छात्रा संख्या :

२. कक्षागत विद्यार्थी विवरण :

| कक्षा | छात्र | छात्रा | जम्मा | अपाङ्ग छात्र | अपाङ्ग छात्रा | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |

# नमुना छनोट गरिएका विद्यालय

## अनुसूची : ६

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १ | भागीरथ उच्च माध्यमिक विद्यालय | शनिश्चरे-८ |
| २ | सिद्धार्थ प्राथमिक विद्यालय | शनिश्चरे-७ |
| ३ | बालकल्याण नि. मा. विद्यालय | शनिश्चरे-६ |
| ४ | पञ्चाय उच्च माध्यमिक विद्यालवय | पथरी-१ |
| ५ | सुनाखरी माध्यमिक विद्यालय | पथरी-१ |
| ६ | दुर्गा माध्यमिक विद्यालय | पथरी-२ |